the king of Kathmandu. Bimalananda was also selected after a careful scrutiny of his career and education. After Nripendramalla his brother Parthivendramalla became the king of Kathmandu. During his reign Raghabananda was the priest of Pashupatinath.[39] Pratapamalla died leaving behind his minor successors. After his death there ensued a conflict among his sons with the result that the late king's ministers began to exercise considerable power in the court. At that time, Parthibendramalla died suddenly in 1687 A. D. as a result of poisoning. This provided a good opportunity for Laxminarayana Joshi to make Bhupalendramalla, the minor son of Parthivendramalla, his puppet. He held Chautara Chikuti and Vamsidhara responsible of poisoning Parthivendramalla and finally he got them killed by his men.[40] When Bhupalendramalla, was the ruler of Kathmandu, Laxminarayana Joshi became the most powerful man of the court. One son of Pratapamalla named Mahipatendramalla was alive at that time. Fearing that this son of the lata king could be a important of source trouble to himself and his puppet king, Laxminarayana managed to kill Mahipatendramalla also. Mahipatendramalla who was then living in the house of Raghabananda located in the Pashupatinath temple area. Because of the brutal assissanation of Mahipatendramalla, Raghabananda felt much grieved and he left Kathmandu and went to patan.[41] But the chronicle mentions that he came back to Kathmandu and began to worship the Pashupatinath temple again.[42] If we examine the details of this incident in the **Bhasa Vamsavali** we would get an idea about the conflict which existed between Raghabananda and Laxminarayan Joshi. The conflict could have been due to the action of Raghabananda in giving shelter to Mahipatehdramalla in his house. The desire of Raghabananda that a Sanyasi should continue the priesthood also supports the above arguement. So he wanted to go into meditation to fulfill the desire. He demanded that if his desire to continue as the Sanyasi priest was accepted he should be given permission to meditate on the left bank of the Bagmati river facing the temple, not at any other places unacceptable to him. On finding

39. *Ibid.*, pp 96-100.

30 *Ibid.*,

41. *Ibid*. p. 98.

42. *Ibid.*, p. 100.

it difficult to retain a Sanyasi as the priest of the Pashupatinath temple, the authorities of the state granted him permission to hold mediatation only on the confluence of ths rivers Bagmati and the Rajesvari. As this dicission of the authorities was contray to his desire, he entered in meditation and ended his life.[43] According to the chronicle, after that episode a competent Sanyasi never came forward to become the priest of the Pashupatinath temple. Thus, it was during the rule of Bhupalendramalla that a dispute as to whether to keep a **Sanyasi** as a priest of Pashupatinath or not started. This view is also substantiated by a **Lalmohara** dated N. S. 855 (1735 A. D.).[44] It shows that the tradition to engage priests of the Pashupatinath temple from the south Indian **Tailingal** Brahmana families viz., Karnataka, Maharastriya, Dravidian and Andhra Brahmanas began after Raghabananda. The south Indian Brahmana priests have since been worshiping Lord Pashupatinath uninterruptedly.

The **Lalmohara**, mentioned above, was given to Shambasadashiva Bbhatta by Jagajjyamalla in N. S. 855 (1735 A. D.). In this **Lalmohara** King Jagajjyamalla commanded Shambasadashiva Bhatta to work as a priest in the Pashupatinatha temple. It also stipulated that he would get the same remunerations which his grandfather used to get from the previous kings. The Lalmohar mentions that King Jagajjyamalla had chosen Shambasadashiva Bhatta as the priest of Pashupatinath after examining his qualities and education. This Lalmohara proves that previously the Pashupatinath temple priests were the Sanyasis. As such the arguement that the tradition to engage south-Indian Brahmanas as priests started during the rule of Bhupalendramalla is correct. In the **Lalmohara** it is mentioned that as long as the successors of Sambasadasiva Bhatta are there, they will not be removed from their post The appointment of Sambasadashiva Bhtta as the priest of Pashupatinath in N. S. 855 (1735 A. D.) shows that in the early phase, unlike at present the priesthood in the Pashupatinath temple was conferred on a hereditary basis. The **Lalmohara** which contains all these details is not available in its original form today. Only its copies which are in the Nepali language are found today.

43. *Ibid.*

44. The copy of this *Lalmohara* is in my possession.

From the available documents, it is clear that at beginning there used to be only one priest for the Pashupatinath temple. Later on, it became a tradition to appoint four priests for worshipping the four faces of the Pashupatinath Linga. The first reference to four priests is found in one document of Girbanayuddha Vikram Shaha dated V. S. 1867 (1810 A. D.)[45]

Worshipping the Siva-Lingas became a popular religious tradition in Nepal since the days when the south-Indian Brahmanas were appointed as priest of the Pashupatinath temple. This fact would become clear if one visited the premises of the temple of Gokarnesvora at Gokarna. There are some other Siva temples also where tha priests are the progenies of the south-Indian Brahmanas, who are now Nepali citizens. For instance, one may mention the temples of Kilesvora, Chagu; Gobratesvora, Kathmandu; Tripuresvora, Kalamochana; Nandikesvora, Naksala;. and Saubhagesvora, Gyanesvora.

The priests of the Pashupatinath temple take the **Pashupatinath**, as otherwise they are not allowed to enter in the sacred chamber of Pashupatinath temple. They follow the holy code for priests of the Pashupatinath temple, remain vegetarian and there should not be scars of any kind on their body. If, after being appointed as the priest of the Pashupatinath temple, develop any scar on their body they are relieved of their routine priestly duties. The priests are handsomely paid for thier services in the temple. The remunerations of the Chief priest (**Mula Bhatta**) and other priests are different. The former gets more money and allowances than the latter. The salary of **Mula Bhatta** is equallent to the yields of 190 Ropanis of lands, while the other priests get subsistence allowances from 50 ropanis of land. In addition, they receive, money and materials which are offered to the temple of Pashupatinath. The materials which are offered to the temple until the arrival of **Bhatta** (a common name by which the priests of the Pashupatinath temple are called) in the morning, are shared by the **Bhadares**. However, they

45. A copy of this document is in the possesion of Chandra Man Rajbhandari.

cannot get the money which falls on the **Jalahari**, which goes to Bhatta priests. The materials offered to the deity after the arrival of the Bhatta priests are ultimately divided into three parts. One part is given to the **Bhadares** and the remaining two parts are shared by Mula Bhatta and Bhatta priest. The share of the Bhattas is again divided into five parts. Out of this two parts go to the **Mula Bhatta** and the remaining three parts to the other three Bhattas. But valuable materials like gold, silvar, jewels, various kind of utensils and rich and colourful brocades offered to the temple are stored in the treasury of the temple.

卐

नेपालमा कर्जा प्रथाको ऐतिहासिक परम्परा

— पेशल दाहाल

मानिसको विकास क्रममा जब मानिस आफ्नो जंगली अवस्था छोडेर खेतिपातितिर संलग्न हुनथाल्यो त्यसैबेलादेखि उसमा सर--सापटी र लेनदेनको आवश्यकता देखिन थाल्यो। वास्तवमा मानिसले आफूलाई पारिवारिक र सामाजिक जीवनसँग सम्वन्धित गराएपछि उसका आवश्यकताहरू पनि वढ्न थाले, उ विभिन्न चिज-विजको इच्छा गर्न थाल्यो। यसरी मानिसलाई आफूसँग भएको सामानले मात्र नपुगेर अरूसँग आफूलाई आवश्यक पर्ने चिज लिंदा आफूसँग भएको सामानसँग साटेर लिनेदिने गर्न थाल्यो। आजभन्दा पाँच हजार वर्ष पहिले सिन्ध उपत्यकाका मानिसहरू आफ्नो उत्पादन फसलले माटाका भाँडाहरू साट्ने गर्दथे भने वैदिक आर्यहरूले गाईलाई विनिमयको महत्वपूर्ण साधन वनाएका थिए भन्ने कुरा ऋग्वेदमा उल्लेख भएको 'कस्ले दश वटा गाई दिएर धनद्वारा मेरो इन्द्रलाई (इन्द्रको मूर्तिलाई) खरीद गर्न सक्तछ ?'[१] भन्ने मंत्रले स्पष्ट पार्दछ। रूपैयाँको चलन-चलित नहुन्जेलसम्म यस्तै साटासाट प्रणालीवाट मानिसको लेनदेन व्यापार आदि चलने गर्दथ्यो। विस्तारै विस्तारै मानिसको दिमागी क्षमता वढ्दै गएपछि यस्तो किसिमको प्रणालीबाट मानिस असजिलो भएको महसूस गर्न थाल्यो। साटासाट व्यवस्थामा भएको एउटा ठूलो दोष के त भने आफूले चाहेको चिजको वदलामा दिइने चिज पनि अर्को समूहलाई आवश्यक भएकै चिज हुन पर्दछ। अतः मानिसले पछाडि गएर धातु वा अन्य किसिमका मान्य मुद्राहरू चलाउन थालेको हो र मुद्राको प्रचलन भएपछि भने मानिसको सम्पूर्ण व्यापार सरसापटी, लेनदेन सबै मुद्राको माध्यमवाट नै चलन थाल्यो। यसरी मानिसले आफूमा भएको कमी पुरा गर्न अरूसँग जुन केही सरसापट गर्न थाल्यो त्यसमा उसले केही प्रतिशत नोक्सान पनि व्यहोर्नु पर्ने भयो। केही फाइदा नभैकन कसैले सापटी वा कर्जा दिने कुरो भएन। त्यसमा पनि समाजमा जब मानिसमा शोषण प्रवृत्ति जाग्न थाल्यो उ जसरी भए पनि आफ्नो फाइदा मात्र

---

१. द्विजेन्द्रनाथ शुक्ल, प्रतिमा विज्ञान, पहिलो संस्करण (लखनऊः वास्तु-वाङ्मय प्रकाशनशाला, १९५६), पृ. ३५. ऋग्वेद, ४. २४. १० बाट उद्धृत-"क इमं दशभिर्ममेन्द्रं क्रीणाति धेनुभिः"

हेर्ने गर्न थाल्यो । यिनै विभिन्न कारणले त पछि आएर यो सरसापटीले आम्दानीको साधन तथा व्यवसायकै रूप लियो । यसरी 'अर्थैरर्था निबध्यन्ते गजैरिव महागजाः' अर्थात् हात्तीले हात्ती तानेसरी सम्पत्तिले सम्पत्ति तान्दछ भन्ने महाभारतको उक्तिको तात्पर्य महाभारत युग-भन्दा धेरै पहिलेदेखि नै समाजमा व्याप्त भइसकेको विदित हुन्छ । प्राचीन वैदिक युगदेखिनै समाजमा यस किसिमको कर्जा र व्याज व्यवस्था शुरू भइसकेको कुरा विभिन्न वैदिक मंत्रहरू-बाट बुझ्न सकिन्छ । त्यहाँ प्रसंगानुसार ऋण लिएर एकै पटकमा चुकाउन नसक्नेले विस्तारै चुकाउने र चुकाउन नसक्नेले दासता स्वीकार गर्नु पर्ने कुराको चर्चा परेको छ । पूर्वजले गरेको ऋण पनिवंश परम्परासम्म चलिरहन्थ्यो२ । त्यसैले ऋग्वेदिक युगमा नै यस किसिमको व्याज खान लगानी लगाउने चलन भएको देखिन्छ । अझ कतिपय मंत्रहरूले त यस किसिमको प्रथाको नै विरोध गरेको देखिन्छ । **'हे इन्द्र अधिक धन पाउने आशाले धन लगानी गर्नेहरूका धन पनि हाम्रो निम्ति लुटेर ल्याऊ'**३ तथा **'जसरी सबै धनलाई ऋणले समाप्त गरिदिन्छ'**४ आदि ऋग्वैदिक मंत्रहरूमा स्पष्टरूपमा व्याज खाने निहुँले लगानी लगाउने प्रथाको विरोध नै गरिएको छ । यसबाट हेर्दा यसको प्राचीनता अझ स्पष्ट हुन जान्छ । प्राचीन वैदिक युगपछि यस किसिमको कर्जा व्यवस्था हिन्दू समाजमा समयानुसार व्यापक हुँदै गयो । ईशापूर्व छैटौं शताब्दीसम्म आइपुग्दा नपुग्दा यस कर्जा प्रणालीमा निकै विकृति आइसकेको बुझिन्छ । दास बनाउनलाई नै पनि धनिवर्गहरू ऋण दिने गर्न थाले । ऋण तिर्न नसकेमा दास बन्नुपर्ने चलनले गर्दा आसामीहरू अब आएर दासत्वबाट बच्न भिक्षु बन्न थाले किनभने भिक्षुलाई दास बनाउन पाइँदैनथ्यो । यसरी ऋणिहरू भिक्षु बन्न थालेपछि महाजनहरूको विरोधको खतरा आएकोले 'ऋणिहरुलाई प्रवज्या (सन्यास) दिन्न हुन्न भनेर स्वयं बुद्धले समेत घोषणा गर्नुपरेको थियो ।५

ई. पू. तेस्रो-चौथो शताब्दीतिर कौटिल्यले अर्थशास्त्र लेख्ने बेलासम्ममा त कर्जा र व्याज व्यवस्थामा अनेकता आइसकेको थियो । त्यसले कौटिल्यले आफ्नो अर्थशास्त्रमा कर्जा सम्बन्धी निकै चर्चा गरेका छन् । कस्तो रूपमा व्याज लिन नपाइने, व्याज कति लिने, कस्तो अवस्थामा बाबुको ऋण सन्तानलाई तिर्न बाध्य गराउन नसकिने आदि विभिन्न विषयमा कौटिल्यले स्पष्ट उल्लेख गरेकोबाट समाजमा कर्जा व्यवस्थामा अनेक किसिमका व्यक्तिगत

२. स्वामी प्रपन्नाचार्य, वेदमा के छ ?, पहिलो संस्करण (प्रयागः वेदान्तदेशिक सेवा संस्थान, वि. सं. २०३८), पृ. ८४.

३. मदनमणि दीक्षित, "त्यो युग" रुप-रेखा अंक २४२ (वि० सं० २०३८), पृ. २१. ऋग्वेद, ३. ५३. १४ बाट उद्धृत ।

४. उही, पृ. २२. ऋग्वेद, ४. २४. ७ बाट उद्धृत ।

५. नवराज चालिसे, प्राचीन हिन्दू अर्थशास्त्रको रुप-रेखा पहिलो संस्करण, (काठमाडौः मदन पुरस्कार गुठी, वि. सं. २०२१) पृ. ६०

नियम र धाकहरू विकसित भइसकेको बुझिन्छ । त्यस्तै मनु (अन्दार्जा ई. पू. दोस्रो शताब्दी देखि ई. पू. को चौथो शताब्दी बीचको कुनै समय), शुक्र एघारौं शताब्दी आदि आचार्यहरुले कर्जा व्यवस्थाबारे विभिन्न रूपमा चर्चा गरेका छन् । वास्तवमा कर्जाको माध्यमद्वारा पनि आर्थिक तथा सामाजिक स्थितिहरूमा इच्छित परिवर्तन र व्यवस्थापन गर्न सकिने हुँदा कर्जाको सम्बन्धमा पनि कौटिल्य लगायत प्राचीन आचार्यहरूले नियन्त्रण तथा नियमको व्यवस्था गरेका हुन् । कर्जा र व्याज सम्बन्धी कुरा साहू र आसामीका निजी कुरा मात्र नरही सामाजिक कुरा पनि रहेका हुँदा यस क्षेत्रमा पनि राज्यले चाहेको बेलामा र चाहेको मात्रामा र रूपमा हस्तक्षेप गर्न सक्छ र गर्नु पर्दछ भन्ने कौटिल्यको विचार छ । यसै क्रमले नेपालमा पनि ऐतिहासिक कालदेखि नै यस किसिमको लेनदेन विभिन्न रूपमा चल्ने गरेका थुप्रै उदाहरणहरू उपलब्ध छन् । प्राचीन काल (लिच्छवि काल) का खास उदाहरणहरू उपलब्ध नभएतापनि मल्लकालका थुप्रै प्रमाणहरु पाइएका छन्, जसलाई तल यथा प्रसंगमा चर्चा गरिने छ ।

बन्धकी राख्ने चलन

शुरुशुरूमा मानिसहरु आपसी विश्वासको भरमा लेनदेन गर्ने गर्दथे तापनि क्रमशः मानिसमा अपराध प्रवृत्ति बढ्न थालेपछि ठोस प्रमाण विना कसैलाई ऋण दिंदा मूल धन नै डुब्ने डर हुन थाल्यो । लेखन कलाको विकास भइसके पनि निकै पछाडि गएर मात्रै लेनदेनको विस्तृत वर्णन अर्थात कति सापटी लिएको हो; कुन शर्तमा कहिले भुक्तानी गर्ने गरी लिएको हो आदिको अभिलेख राख्न थालियो तापनि लेखन कला अथवा भनौं तमसुक लेख्ने चलन चल्नु भन्दा पहिले भने मानिसहरू केही वस्तु बन्धकी स्वरूप राखेर मात्रै लगानी लगाउने गर्दथे । वास्तवमा कपाली तमसुकजस्तो कुनै प्रकारको कागत गराइ आसामीको सुरक्षणमा वा अरू कुनै व्यक्तिको जमानीमा सामान्य कर्जा दिनुभन्दा कुनै वस्तु बन्धकी लिएर कर्जा प्रदान गर्नु सुरक्षित रहने हुँदा धन वरावर भन्दा बढी मूल्यको वस्तु बन्धकी राखेको खण्डमा ऋण दिन विशेष रूची मानिसहरुमा पछि पछि आएर निकै देखिन थाल्यो । यसरी बन्धक राख्ता घर, खेत, सून चाँदी आदि बहुमूल्य वस्तुहरू नै राखिन्छ । प्राचीन काल देखिनै यस किसिमको बन्धकी वा धरौटी प्रथा प्रचलित थियो । यस सम्बन्धमा पनि प्राचीन आचार्यहरुले विभिन्न नियमहरु बनाएका छन् । तर कौटिल्यको समयताका अचल सम्पत्तिको र खासगरी भू–सम्पत्तिको सुरक्षण राख्ने व्यवहार प्रचलित नरहँदा चल सम्पत्ति बन्धकी राखी कर्जा प्राप्त गर्ने व्यवहार निकै प्रचलित थियो ।६ हाम्रो इतिहासको मध्यकालमा त यसरी बन्धकी राख्ता घर, खेत तथा अरू मूल्यवान पदार्थहरु राखिनुका अतिरिक्त

६. उही, पृ. १८०.

कमारा कमारी समेत बन्धकी स्वरूप रहने गरेको बुझिन्छ । प्राप्त एक ठयासफू (ऐतिहासिक घटनावली हस्तलिखित टिपोट) मा उल्लेख भए अनुसार ने. सं. ७२६ (वि. सं. १६६३) तिर एक जनाले रू. ६। ऋण लिंदा ज्ञान नामकी एक दासी बन्धकी राखेको थियो ।७ कतै त आफ्नो बिर्ताको प्रजालाई समेत बन्धकी राखेर ऋण लिने गरेको देखिन्छ । कान्तिपुरका मल्लराजा जगज्जय मल्लको पालामा वि. सं. १७८२ तिर रू. ६।– ऋण लिंदा यस्तो लेखेको पाइन्छः–

"कथाचितोपि थ्व दाम पूले मफ कुन्हुया थास, थाडिया थओ मुसाप्रजा, रामदेओया छच मिलमम्ह थाति जुलो"- अर्थात्, केही गरी यो दाम तिर्न सकिएन भने त्यसको लागि थाडी भन्ने ठाउँको आफ्नो मुसा प्रजा रामदेउका छोरा मिलंम्ह (कान्छा) धरौटी राखियो ।८

आर्थिक कारण वस कहिलेकाहिं मानिस रुपयाँ लिएर आफैं बन्धक बसेका उदाहरणहरु पनि पाइन्छन । वि. स. १६०३ तिर नुवाकोट भेकको एउटा कागत पत्र अनुसार सुना मिझार भन्ने व्यक्तिले साढे साठी रूपिया कर्जा लिएर आफैं बन्धक बसेछ । सो तमसुकमा यस्तो लेखिएकोछ ।"... ... **साहुको काम हानी कतै गञा भन्या भागी नासी गञा भन्या दिनका २ पाथि अन्न भरूँला ।"६**

यस किसिमले मध्यकालमा दासहरू बन्धकी स्वरूप राखिने गरेको बुझिन्छ । यस किसिमको चलन प्राचीन समयमा पनि नभएको होइन । प्राचीन विभिन्न आचार्यहरूले यसको चर्चा गरेकाछन् । शुक्राचार्यले दासत्व उद्‌गमका विभिन्न कारणहरू मध्ये ऋण तिर्न नसक्नु पनि एक मानेका छन् । आसामीले ऋण तिर्न नसकुन्जेल साहुको दास बन्नु पर्दथ्यो । यस किसिमको चलन त ईशा पूर्व छैटौं शताब्दी तिरै समाजमा व्याप्त थियो भन्ने कुरा स्वयं बुद्धले ऋणिलाई सन्यास दिन हुँदैन भनेकोबाट स्पष्ट हुन्छ । भिक्षु भएमा ऋणतिर्न नसके पनि दास हुन नपर्ने (भिक्षुलाई दास बनाउन नपाइने हुनाले) भएकाले ऋणिहरूमा यस्तो प्रवृत्ति देखा पर्ने वित्तिकै बुद्धले यस्तो घोषणा गरेको हो ।

सामान्यतया धरौटी राख्ता भाका गरिएको निश्चित समयसम्म धन नडुब्ने हिसावले राखिन्छ । नेपालमा हिजोआज पनि साहुसँग ऋण लिएर जग्गा लेखिदिने चलन छ । पैसा

७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, ढोलखाको ऐतिहासिक रुपरेखा, पहिलो संस्करण (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं २०३१), पृ. १६३.

८. उही, पृ. १४३.

६. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, नुवाकोटको ऐतिहासिक रुपरेखा, पहिलो संस्करण (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३२), पृ. १०३.

चुक्ता नगरुन्जेलसम्म सो खेत साहुले नै उपभोग गर्न पाउँछ। यसलाई बन्धकी परेको खेत भन्ने चलन पनि छ। यस्तै धरौटी कति राख्ने भन्ने सन्दर्भमा कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले एकपल्ट ऋण लिदा लेखेको पत्रको केही अंश यहाँ उल्लेख गर्नु प्रासङ्गिक देखिन्छ।१०

" ... उप्रान्त ६ हजार महिन्द्र मल्लिमे हमारा काम अतका हुए. आगेमे हमारा काम वहुत कलदिया अभि मेरा काम यतना करदेना चाहय. विश तिस हजारका चिज लर्के ६ हजार देना परा ... " यहाँ ५ दोब्बरसम्म धरौटी राख्नु परेको देखिन्छ।११

हिजोआजको बैंक कर्जा व्यवस्थामा धरौटी राख्ने आफ्नै नियम छ। बैंकले सापटी दिनु पर्दा लामो समयसम्म आफ्नो रूपया डुब्न नसक्ने रूपले वस्तु बन्धकी राखेर मात्र दिने गर्दछ। सुन चाँदी धितो राख्नु परेमा बैंकले आफैं भाउ निर्धारण गरेर २५, ३० प्रतिशत मार्जिन छोडेर मात्र कर्जा दिने गर्दछ। जस्तो–उदाहरणको रूपमा, एक तोला सून धितो राख्दा:–

तौल	बजार भाउ	बैंक भाउ	ऋणदिने
सून १ तोला ११½ ग्राम)	–रू. २७५०।–	रू. २३००।–	रू. १७२५।–

धरौटी राखिएको वस्तुमा गडबडी पैदा भएमा वा हुने देखिएमा तुरुन्तै सतर्कता बर्तिने चलन छ। जस्तो आफूमा धरौट रहेको सुनको भाउ एकाएक घट्न गए मा बैंकले ऋणीलाई आवश्यक अरू धरौटी राख्न वा ऋण चुक्ता गर्न सूचना गर्दछ। ऋणीले त्यसो नगरेमा धरौटमा रहेको वस्तुलाई तुरुन्तै लिलाम गरी आफ्नो ऋण असुलने गर्दछ। हिजो आज मात्रै होइन प्राचीन कालमा पनि यस्तो चलन थियो। जस्तो कौटिल्य लेख्छन्– 'बन्धक राखी रहँदा उत्तमर्ण (साहू) लाई लाभ हानि जे भैरहे तापनि निकट भविष्यमा नष्ट हुने आशङ्का भएमा वा त्यसको मूल्यभन्दा कर्जाको मूल्य बढी हुन लागेमा अधमर्ण (आसामी) को अनुपस्थितिमा पनि धर्मस्थको अनुमति लिएर साहूले त्यस बन्धकलाई बेचिदिनु पर्दछ। धर्मस्थको अनुपस्थितिमा आधिपालबाट अनुमति प्राप्त गर्न सकिन्छ।"

---

१० शंकरमान राजवंशी "ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि," प्राचीन नेपाल संख्या २ (माघ २०२४) पृ. १२.

११. वास्तवमा त्यसबेला जयप्रकाश मल्ललाई ठूलो संकट परेको थियो। वि. सं. १८०३ तिर उनले आफ्नी पत्नी र भारदारहरुको षडयन्त्रले गर्दा राज्यच्युत भई आत्मरक्षाका निमित्त ४ वर्षसम्म यताउति भौंतारिनु परेको थियो। दरवार छोडेर यता उता लाग्दा उनलाई आर्थिक समस्या परी नुवाकोट भेकका कमलवन गोसाईहरुसँग अत्यधिक मूल्यका सामान राखेर भए पनि रूपया सापटी लिनु परेको हो।

हाम्रो इतिहासको मध्यकालतिर त घरौटीमा विभिन्न कचिङ्गल पनि उठ्ने गर्दथ्यो । वि. सं. १७८३ मा लन्हसिँहले कर्म्माचार्य महीन्द्र सिलाई सयकडा १० ब्याज कबोलेर ३२० मोहर ऋण दिएको रहेछ । सो वापत विकंदो नाम गरेको खेत बन्धकी राखिएको थियो । वि. सं. १८३० सम्म पनि ऋण चुक्ता नहुँदा साहूले उक्त खेत हडप्ने विचार लियो तर उक्त खेत कहाँ छ पत्ता लाग्न सकेन । मुख्य ऋणि मरिसकेको हुँदा झन समस्या उत्पन्न भयो र उजुरी पऱ्यो । यस सम्बन्धमा वि० सं० १८३० आषाढ कृष्ण दशमीका दिन श्री केहर सिंह भारदारको घरमा बसेको सभाले यस्तो निर्णय दिएको थियो–"... ... यस पत्रमा उल्लिखित खेत खोजी गराउँदा तल माथि दुवैतिर पत्ता लाग्न सकेन । उधारो लिएको कुरामा भने ऋणिको हस्ताक्षर भएको हुँदा तिर्नु नपर्ने भनी महीन्द्रसिंहका छोरा बालगोविन्दको परिवारले भन्न सकेनन् । यसकारण ऋण लिएको कुरा सत्य हो भन्ने निर्णय गरियो । यसमा कसैले पछि कचिङ्गल उठाए भने त्यससंग १२० रूपियाँ राजाले दण्ड गरिलिनु । पत्ता नलागेको उक्त खेतबारे नाइके तर्फबाट पत्ता लाग्यो भने खेतको दोवर अन्नको तेवर लिनू ... ... ।"१२

यस किसिमले, ऋण दिंदा बन्धकी राखेर मात्रै दिने र बन्धकीमा कचिङ्गल उठेमा त्यसको निमित्त समूचित कानून समेत बनेको बुझिन्छ । नमासिने चिज जे पनि बन्धकी वापत रहने गर्दथ्यो भन्ने कुरा पनि उपर्युक्त चर्चाबाट स्पष्ट हुन्छ ।

ब्याजको दर

केही मुनाफा कमाउने उद्देश्यले नै सापटी तथा कर्जा दिने परिपाटी समाजमा व्यापक हुँदै गएको हो । त्यसैले हिन्दू समाजमा प्राचीन समय देखि नै विभिन्न आचार्यहरूले यस सम्वन्धी अनेक किसिमका नियम उपनियमहरू बनाउँदै गए । प्राचीन कालमा व्यापारको अतिरिक्त कर्जा दिने काम पनि वैश्य वर्णको पैशा थियो । यसकारण कर्जा दिएर ब्याज खाने कामलाई उत्तम पेशा मानिएको थिएन । यसको प्रमाण ऋग्वैदिक विभिन्न मंत्रहरू (माथि प्रसंगवस परिसकेका) बाट दिन सकिन्छ । त्यसैले ब्राह्मण र क्षेत्रीहरूले ब्याज लिनु हुन्न भनेर उनीहरूलाई यस पेशाबाट अलग राख्ने चेष्टा समेत गरिएको पाइन्छ । अशक्तावस्थामा रहेका व्यक्ति, नावालक, विद्याध्ययनमा र यज्ञ कर्ममा लागेका मानिसहरूले तिर्न पर्ने ऋणमा ब्याज जोडिनु हुन्न भन्ने कौटिल्यको विचार देखिन्छ भने त्यस्तै मनुको विचारमा 'उच्च वर्णको मानिसले तल्लो वर्णको मानिससँग लिएको ऋण तिर्न सक्ने भएपछि क्रमशः तिर्न सक्तछ र

१२. धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि. सं. २०३५) पृ. २१४

यतिञ्जेल उसको ऋणमा व्याज जोडिनु हुन्न' भन्ने बुझिन्छ । तर एकातिर ब्राह्मण क्षत्रीयहरू-लाई व्याज लिनमा निषेध गरिएता पनि (शुरूमा मात्रै) प्राचीन आचार्यहरूले व्याज अनुचित हो वा चर्को व्याज लिनु हुन्न भनेर कतै चर्चा गरेका छैनन् । त्यसको विपरित चर्को व्याजकै अनुमोदन गरेका छन् ।

कौटिल्यले ऋणि समूहलाई चार भागमा वर्गीकरण गरेर व्याज दर तोकिदिएकाछन् । जस्तो-सामान्य अवस्थामा १५ प्रतिशत, व्यापारी भए ६० प्रतिशत, बनमा बसेर व्यापार गर्ने भए १२० प्रतिशत तथा समुद्रपार व्यापार गर्ने भए २४० प्रतिशत । मनुले भने जातीय वर्गीकरण गरेर यसरी व्याज निर्धारण गरेका छन्:– ब्राह्मणसंग २४ प्रतिशत, क्षत्रीयसंग ३६ प्रतिशत, वैश्यसँग ४८ प्रतिशत तथा शुद्रसंग ६० प्रतिशत । वशिष्ठले त एक ठाउँमा कुनै अवस्थामा ७०० प्रतिशत व्याज लिनु हुन्छ भन्ने मत व्यक्त गरेका छन् ।

यसरी प्राचीन कालमा नै व्याज सम्बन्धी कुनै निश्चितता नहुने कुरा माथिको उदाहरणबाट स्पष्ट हुन्छ। 'कर्जा र व्याज सम्बन्धी कुरा साहू र आसामीका निजी कुरा मात्र नरही सामाजिक कुरा पनि रहेका हुँदा यस क्षेत्रमा पनि राज्यले चाहेको बेलामा र चाहेको मात्रामा र रूपमा हस्तक्षेत्र गर्न सक्तछ र गर्नुपर्दछ' भन्ने कौटिल्यको उल्लेखबाटै कर्जा र व्याज सम्बन्धी सामाजिक विभिन्नता भएको स्पष्ट झलिकन्छ। नेपालकै मध्यकालीन इतिहासको अध्ययन गर्दा पनि कर्जाको व्याजको दर कुनै निश्चित हुँदैनथ्यो भन्ने देखिन्छ। मध्यकालतिरका केही तमसुकहरूको अध्ययन गर्दा २ देखि लिएर २५ प्रतिशतसम्म व्याज दर चलेको बुझिन्छ। मानिसलाई अवर पावर परेको वेला ईच्छा अनुसार व्याज लिन प्राचीन वैश्यहरू जस्तै मध्यकालीन साहूहरू पनि चुक्तैनथे । कान्तिपुरका मल्ल राजा जयप्रकाश मल्लले वि०सं० १८०३ तिर अवर परेको वेलामा सापट लिदा मूल धनको दोब्बर समेत तिर्ने कबुल गर्नु परेको थियो । उनले गरिदिएको पत्रमा यस्तो उल्लेख भएको छ– "... ... **जिस रोजमे हमारा काम होगा तिसो हमारा काम होयके दिनमे जतना हमारा पास आइ रहा सा पैसाका दुगना माहादेवका सेवा करएगे** . . ."१३. त्यस्तै बि. सं. १८३१ तिर श्री ५ रणबहादुर शाहले काशीवासको बेलामा ऋण लिदा २४ प्रतिशत व्याज कबोलेका थिए ।

व्याज केवल रुपया पैसामा मात्र नलिएर अन्नपातमा पनि लिने चलन थियो । वि०सं० १८०१ तिर दोलखा भेकको एउटा तमसुकमा १ मोहरको ५ पाथी धान व्याज वापत लिएको वर्णन छ । वि० सं० १८५३ तिर भने रू. १ को ३ पाथी मात्र व्याज तिरेको बुझिन्छ । उक्त

---

१३. बज्राचार्य र श्रेष्ठ, पूर्ववत, नं ९. पृ. ६८.

तमसुकमा २६ रू. ऋण लिंदा यसरी उल्लेख गरिएको छ–" . . , तस धनको व्याजः कबोलित धान्याजः तेइस जम्वा धानमुरि ३ पाथि अठार १८ बर्षका वर्ष भर्नु · · · ।"१४

पछाडि क्रमशः व्याजदरमा मनोमानी हुँदै गयो । थोरै ऋण दिएर धेरै ब्याज लेखी साहूहरूले ऋणिको घरखेत बस्तु भाउ समेत कब्जा गर्न थाले । मानिसहरूले मूल थलो छोडेर बसाईं समेत जानु पर्ने भयो । ऋण चुक्ता गर्न नसक्ता आफ्नी छोरी बुहारी समेत साहूलाई जिम्मा लगाएका उदाहरण पनि समाजमा देखिन्थे । भीमसेन थापाको पतन पछि साहूसँग लिएको ऋणतिर्न नसकेर स्वयं जंग बहादुले पनि नेपाल छोडेर भाग्नु परेको थियो । धेरै लामो समयसम्म समाजमा यस किसिमका विकृतिहरू रहिरहे ।

यस किसिमका अव्यवहारिकता हटाउन सरकारले केहि वर्ष पूर्व निश्चित नियमहरु तोकि-दियो । व्याज १० प्रतिशत भन्दा बढी लिन नपाइने भयो । बन्धकी रहेका जमीन निखन्ने सु-अवसर दिन ऋण निषेध हुनसक्ने नियम बनायो तर पनि यो कर्जा र व्याजको मनोमानी हटेन । ऋणनिषेधमा गएमा तथा बन्धकी रहेको जमीन फिर्ता लिएमा अर्कोपल्ट सापटी तथा अरू कुनै सहयोग नपाइने कारणबाट व्यवहारिक रुपमा पूर्णरूपले यो सफल देखिंदैन । वर्तमान समयमा त गाउँघरमा २५, ३५ तथा ५० प्रतिशत (धाने ब्याजको रूपमा) समेत व्याज लिने गरेको पाइन्छ । कानून छलनको निमित्त कबुल गरिएको व्याजलाई समेत मूलधनमानै परिणित गरी तमसुक गर्ने उदाहरणहरू पनि यत्र तत्र देखिन थालेका छन् । कतै त ऋण दिंदा बन्धकी स्वरूप जग्गानै आफ्नो नाउँमा पास गरेर राख्ने गरेको पनि पाइन्छ ।

यस किसिमले यो कर्जा व्यवस्थाले समाजमा विकृति देखाइ रहेकोछ तापनि प्राचीन आचार्यहरूले उल्लेख गरेको व्याज दर भन्दा कम प्रतिशत नै प्रचलित भइ आएको छ ।

तमसुकको नमूना

ऋणिले साहूलाई गरिदिएको कागज नै तमसुक हो । शुरूमा मानिसहरुले आफ्नो विश्वासको भरमा लेनदेन गर्ने गरेको भएता पनि लेखन कलाको पूर्ण विकास भए पछि भने यसको (कर्जाको) विस्तृत विवरण अर्थात कति सापत लिएको हो; कुन शर्तमा कहिले चुक्ता गर्ने गरी लिएको हो साक्षीहरू को को थिए आदिको अभिलेख राख्न थालियो । यसबाट पनि साहूको धन डुब्ने कमै सम्भावना हुन्छ । यदि कसैले बेइमानी गर्न खोजे पनि यसमा भाकेको जाय जेथोबाट ऋण असूल उपर गर्न सकिन्छ । त्यस्तै यसमा उल्लेख भएका विभिन्न धार्मिक कुराहरू तथा देवदेवीहरुको नामबाट पनि मान्छे अप्रत्यक्ष आध्यात्मिक बन्देजबाट बाँधिएको हुन्छ जसले उसलाई बेइमानी हुनबाट रोक्तछ ।

१४. वज्राचार्य र श्रेष्ठ, पूर्ववत, नं. ७, पृ. १७१.

मध्यकाल तथा आधुनिक कालको शुरूतिरका केही तमसुकहरू उपलब्ध छन्। तिनीहरू-को अध्ययन गर्दा 'श्री पशुपतिर्जय, श्री दुर्गा सहायः, स्वस्ति श्री, शुभ आदिबाट लेख्न शुरु गरेको बुझिन्छ। वि० सं० १७८२ तिर दोलखा भेकमा भएको लेनदेनको एउटा लेखोट यहाँ प्रस्तुत गरिन्छः-

"शुभ। ने. सं. ८४६ (वि. सं. १७८२) फाल्गुन शुक्ल चतुर्दशी आदित्यवार। विहारछेंका कृष्ण नारायणसँग नकछेंका जयहरिजुले जगज्जयमल्ली टङ्का ९ (नौ रूपिया) ऋण लिएकाछन्। ५स दामको व्याज देशको (दोलखाको) व्यवहारमा चले अनुसार दुइ रू. प्रति वर्ष तिर्नु पर्छ ......।"१५

वि. सं. १८६० मा श्री ५ रणबहादुर शाहले आफ्नो काँशीवासको अवस्थामा एकठाउँ ऋण लिएर यस्तो तमसुक गरिदिएका थिए :-

श्री दुर्गा सहायः १

स्वस्तिश्री महाराजे रणवहादुरसाह आगे हमने बाबु द्वारिकादासके कोठिसे वनार्समो कर्जालिया रूपया साठ हजार ६०,००० श्रंकेपि साठहजार एक सिका सत्र हालि बनासंका लिया तिस्का ब्याजदर २ दोये रूपया सयकरा महिना लेषे देना वादा बैसाख सुदि १५ सम्बत १८६१ का मुल व्याज समेत रोक षजाने से चुकाये देना इसका तमसुक लिष दिया कि वषतपर काम आवै इति सम्बत १८६० साल फागुन सुदि ५ रोज शुभम् - १६

आसामीले तमसुक गरिदिंदा लेनदेन भएको हो अर्थात कर्जा लिएको हो भन्ने प्रमाणका निमित्त साक्षी पनि रहनु पर्दछ। प्राचीन समय देखिनै यसमा विशेष ख्याल राखिन्थ्यो। यदि विना साक्षीको तमसुक देखाएर कसैले सरकारमा उजुरी गरेमा त्यस्तो तमसुकलाई अमान्य ठहर गर्ने चलन पहिले देखिनै थियो। ऋण लिएको कारण नखुल्दा पनि तमसुक झुठ्ठा ठहर्नें गर्दथ्यो। वि. सं १८३२ को एउटा घटनाले तत्कालीन तमसुकको नमूना स्पष्ट पार्दछः-

"ने. सं. ८९५ (वि. सं. १८३२) जेष्ठ शुक्ल प्रतिपदा, यसदिन काजी वंशराज पाण्डेको सभामा कुरा छिनियो। धनी- तेओद्यटोलका किनिदेओ भारो आदि। ऋणि पोडे-टोलका गंगाधर उधारो लिएको मिति ने. सं ८५६ (वि. सं. १७९२) फाल्गुन कृष्ण द्वादशी

१५. उही पृ. १४३ मा छापिएको पत्रबाट

१६. योगी नरहरीनाथ, (संपादक), इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १, पहिलो संस्करण (वारणासी, वि. सं. २०२२) पृ. ३९.

रहेको छ । यस साल माघ शुक्ल षष्ठीको दिन जगज्जयमल्लको मृत्यु भएको हुँदा जयप्रकाश-मल्ली रहनु पर्नेमा यस पत्रमा जगज्जयमल्ली टंका नै रहेको छ । ऋण लिनाको कारण पनि खुलाइएको छैन । साक्षीहरू पनि छैनन् । वारम्वार म्याद थपेको कुरा पनि जनाइएको छैन । ३९ वर्ष पछि धनीले ऋण उठाउन जांदा झगडा पऱ्यो र काजोका अड्डामा आएर उजूर गरे । अनि थंदे कोदेशका पञ्चहरू जम्मापारी कुराको सुनवाइ भयो ! सो ऋण पत्र अकर्ण (झुठ्ठा) ठहराइयो । पछिका लागि यो व्यहोरा लेखि राखियो । शुभ ।"१७

यसबाट तमसुकमा साक्षी, ऋण लिएको कारण, आदि स्पष्ट उल्लेख नभएमा सो ऋण पत्र झुठ्ठा मानिन्थ्यो । तर यदि ऋणिले आपत्ति नदेखाएको खण्डमा भने यस्तो झन्झट देखिने कुरै भएन । जस्तो श्री ५ रण बहादुरशाहले बनारसमा लिएको ऋणको तमसुकमा त्यस्तो साक्षी आदि केहि नभए पनि उक्त ऋण पछाडि चुक्ता भएकै थियो । अझ सो ऋण तिर्न त सम्पूर्ण भारदारहरुसंग सलामीको केहि रकम समेत उठाइएको थियो ।१८. तर यस्तो नमूना एउटा अपवाद मात्रै हो । वास्तवमा प्राचीन समय देखिनै कुनै काम गर्दा साक्षी राख्ने गरेको पाइन्छ । मध्यकालमा आएर त जुन सुकै कार्य गरे पनि साक्षीको उल्लेख हुन्थ्यो । यो साक्षी पनि कतै मान्छे त कतै सूर्य, चन्द्र, मूक्तिनाथ, बद्रीनाथ आदि देवदेवीहरूको नाम उल्लेख गरिने गरेको पाइन्छ । कर्जा लिए दिएको तमसुकमा मात्रै नभएर अन्य विशेष कडा नियम वनाउनु परेमा पनि यसकिसिमका साक्षीहरू राखिने चलन थियो । कर्णाली प्रदेशका शासक मेदिनी वर्मा र वलिराजले गरिदिएको एउटा आदेशमा "... ... **अत्र साक्षि बुद्धधर्म संघाः सूर्याचन्द्रमसौ, ब्रह्माविष्णु महेश्वराः...**" भन्ने परेको छ ।१९. यसका अतिरिक्त भूमण्डल साक्षी भनेर मानिसको नाम, लेखन्दासको नामका साथै कतै त दर्शकको नाम पनि लेखिएको पाइन्छ । अभय मल्लको वि. सं. १४३३ तिरको एउटा प्रमाणमा दर्शकको रूपमा अजु खँडका भन्ने व्यक्ति परेका छन् ।२०

यति गर्दा पनि कसैले बेइमानी पो गर्लाकी अथवा आज्ञा पालन नगर्लाकि भन्ने शंका रहेकै हुन्थ्यो । त्यसैले धार्मिक डर, श्राप आदि पनि तिनीहरूमा उल्लेख गर्ने गरिन्थ्यो । कर्णाली प्रदेशतिरका शासक सुरतीशाहले वि. सं. १६८३ मा गरिदिएको एउटा दानपत्रमा त

---

१७. वज्राचार्य र श्रेष्ठ, पूर्ववत, नं. १२, पृ. २४८ मा छापिएको ठ्यासफुबाट ।

१८. चित्तरञ्जन नेपाली, श्री ५ रणबहादुर शाह, पहिलो संस्करण (काठमाडौः मेरीराज भण्डारी, २०२०) पृ. १४१.

१९. बालकृष्ण पोखरेल, पाँच सय बर्ष, पहिलो संस्करण (काठमाडौः साझा प्रकाशन, वि. सं. २०३१) पृ. २३.

२०. उही, पृ १६.

"... ... ई कुडा (कुरा) बदेलिआ भन्या सरग (सगर-आकास) फुटी जाउस् कपीलास (कैलास ढली जाउस कागको हास पल्टी जाउस् । इ कुरा साँचो हो साँचो हो १-२-३-" सम्म लेखिएको छ ।२१. अभ्र वि. सं. १४६४ तिरको एक पत्रमा त यस्तो समेत उल्लेख छः-

"... ... कागको पुष्टो मायकि माङ जो षज् षज् गर, तस्को एकै स पुर्षा नर्क भुँच, तास्कि मा सुग्रि वाप गध्ध ।"

(कागको खुट्टो आमाको भाङ (नास) जसले खिचोला गर्ला त्यसका एकशय पुर्खाले नर्क भोगून त्यसकी आमा सुँगुर्नी बाबु गधा होस् ।)२२

यसरी आफूले गरिदिएका पत्रहरूमा साक्षी राख्ने तथा कडाभन्दा कडा श्राप उल्लेख गर्ने गरिन्थ्यो । हिजो आज आएर भने यस किसिमका शब्दहरू नपरे पनि विना साक्षी भने कुनै पनि कुरा ठोस रूपमा स्वीकार गरिन्न । फेरी हिजो आज गरिने तमसुकहरू पनि पहिलेका भन्दा केही वेग्लै किसिमका छन् । साक्षी, लेखन्दास आदिका साथै ऋणिको बाबु बाजेको नाम उमेर, स्थायी ठेगाना, ऋण लिएको कारण सबै उल्लेख गर्ने चलन छ । कानूनी अड्चन देखाउने तथा समाजमा फटाइ प्रवृत्ति बढ्दै गएकोले यस किसिमको तीन पुस्ते उल्लेख गर्न थालिएको हो । यति हुँदाहुँदै पनि ऋण उठाउन नसकेर साहूहरू कानूनको शरणमा जान परेकै छ ।

कर्णाली प्रदेशतिर भने केहि वर्ष अगाडि सम्म तमसुक नलेखी धार्मिक विश्वासको भरमा पनि ऋण दिने गरेको पाइयो । तामा तुलसी छुवाएर किरिया खुवाएछि असत्य बोल्न हुन्न भन्ने धारणाले गर्दा त्यहाँ धेरै लामो समयसम्म कर्जाको लेखापढी भएन । २०३३ साल तिर यस पंक्तिका लेखकको एक वर्ष जतिको मुगु (कर्णाली अञ्चल) वसाइ तथा २०३५ सालको सुर्खेतदेखि दैलेख, कालीकोट, मुगु, जुम्ला, डोल्पा आदि जिल्लाको पैदल भ्रमणको सिलसिलामा लेखकले यस्तै अनौठा कुराहरू निकै देखेको थियो ।

मुद्दा हेर्ने अदालतहरू

कर्जा तथा अन्य विभिन्न झैझगडाको निश्पक्ष छानविन गर्ने हिजो आज जिल्ला, अञ्चल, क्षेत्रीय तथा सर्वोच्च आदि विभिन्न अदालतहरूको व्यवस्था गरिएको छ । तर प्राचीन तथा मध्यकालीन नेपालमा आजको भन्दा वेग्लै प्रकारको व्यवस्था गरिएको थियो । प्राचीन (लिच्छवि) कालमा प्रत्येक ग्राममा पाञ्चाली (पञ्चायत) रहेको हुन्थ्यो । आफ्नो इलाकामा

---

२१. उही, पृ. ७२.
२२. उही, पृ. २७.

भएका जुनसुकै प्रकारका झैझगडा तथा मुद्दा मामिला हेर्ने छिन्ने काम यिनै पाञ्चालीहरूले गर्दथे। यस कार्य वापत मुद्धा छिन्दा उठेको रकमको ३ भागको एक भाग पाञ्चालिकहरू (पंचहरू) ले पाउँदथे ।२३. पाञ्चालिकहरूलाई अधिकार दिनुको साथ–साथै प्राचीन शासकहरूले पाञ्चालीबाट कहिले काही पक्षपात हुन सक्ने संभाव्यतावारे पनि विचार गरेका थिए। त्यसैले कसैलाई पाञ्चालीले गरेको फैसलामा चित्त नबुझेमा दौवारिक (राजदरवारका द्वारे) कहाँ दर्ता गराउने, र दौवारिकले पनि महीना दिन भित्रमा राजाको भित्री इजलास (अन्तरासन, परमासन) मा जाहेरी गरी निकासा गराइ दिनू' भन्ने खालको आज्ञा नै जारी गरि दिएका थिए । २४. यदा पाञ्चालिकैर्न्निर्णेतुन्न शक्यते तदा राजभिः स्वयमन्तरासनेन विचारयितव्यम्' भनेर स्पष्ट भनिएको छ । २५

मध्यकालमा पनि यस सम्बन्धमा पञ्चप्रमानहरू नै सक्रिय थिए। कर्जा अथवा भर्नो लेनदेन सम्बन्धी मुद्दा मात्र नभएर जग्गा सम्बन्धी, अंश सम्बन्धी आदि सबै मुद्दाहरू पञ्चहरूले नै हेर्दथे। पञ्चहरूको सहयोगको लागि एकजना विचारी, एकजना मुखिया पनि नियुक्त हुन्थे। पञ्च प्रमानहरु कति प्रभाशाली थिए भन्ने कुरा दोलखाका शासकहरुले समेत आफ्नो परिवारको अंशवण्डा गर्दा पञ्चहरूलाई साक्षी राख्ने गरेकोबाट स्पष्ट हुन्छ ।२६. मध्यकालमा आएपछि दौडाहा जस्तो काम गर्ने 'छरिदार' पनि देखिन्छ। यसले मुद्दामामिला सम्बन्धी उजूरीको छानबीन गरी तुरुन्तै निर्णय दिने काम पनि गर्दथ्यो ।२७. प्राचीन कालको जस्तो मध्यकालमा पनि ग्राम पंचायतहरूले छिन्न नसकेका तथा पंचायतको निर्णयमा चित्त नबुझेका मुद्दाहरू स्वयं राजाले नै पनि हेर्ने गर्दथे। तत्कालीन अभिलेख कागत–पत्र आदिमा 'इटाचपली' को ठाउँ ठाउँमा उल्लेख आएको वाट त्यसवेला राजाकोमा पर्न आएका उजूरीहरू राजदरवार भित्रको इटाचपली नामक अदालतले हेर्ने गर्दो रहेछ भन्ने बुझिन्छ।

पृथ्वीनारायणशाहको उपत्यका विजय पछि पनि शुरू शुरूमा पंचायतहरुनै सक्रिय थिए तापनि प्राचीन र मध्यकालको परम्परा भन्दा एउटा कुरामा त्यस वेला अलि अन्तर आएको हामी पाउँछौं । अब आएर सिधै राजाद्वारा मुद्दाको फैसला हुन छोड्यो।

२३. धनबज्र वज्राचार्य, "लिच्छविकालमा चलेको पाञ्चाली शासनपद्दतिको परिचय," पूर्णिमा पूर्णाङ्क १२ (माघ २०३३) पृ. ११.

२४. उही.

२५. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पहिलो संस्करण (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०३०) पृ. ४७५.

२६. वज्राचार्य र श्रेष्ठ, पूर्ववत, नं. ७. पृ. ४७.

२७. उही, पृ. ४१.

राजाकोमा पर्न आएका मुद्दाहरू राजाद्वारा नियुक्त उच्च अधिकारीले हेर्ने गर्न थाले । यो मुद्दा हेर्ने सम्बन्धमा पनि देशभरीनै एक रूपता भएको छैन । वास्तवमा अब आएर मल्ल-कालको जस्तो सीमित घेरा भित्रको देश रहेन । त्यसैले राजधानी वाहिर पञ्च प्रमानले छिन्न नसकेका मुद्दाहरु प्रमान (बडाहाकिम) ले पनि हेर्ने गरेको अनुमान हुन्छ । तर जुन प्रकारले हेरे पनि प्रतिष्ठित पञ्च समूदायको बीचमा बसेर मात्रै फैसला गर्नु पर्ने चैं अनिवार्य थियो । राजदरवारमा पर्न आएका मुद्दाहरु दरवारभित्रको 'इटाचपली' नामक अदालतले हेर्ने गर्दथ्यो २८. तर कहिले काहिं राजप्रतिनिधिले यस्ता मुद्दा आफ्नै घरमै हेरेको पनि पाइएको छ । वि. स. १८३० मा दरवारमा परेको एउटा लेनदेन मुद्दा हेर्न खटिएका श्री केहर सिंह भारदारले आफ्नै घरमा छलफल गरेर फैसला गरेका छन् । यसका अतिरिक्त काजी वंशराज पांडे, श्री मैयाँ साहेब (श्री ५ पृथ्वीनारायण शाहकी बहिनी पद्मकुमारी देवी) आदिको भारदारीमा पनि विभिन्न लेनदेन सम्बन्धी मुद्दा छिनिएका छन् ।२९. तर जसरी छिन्दा पनि पञ्चहरूको उपस्थिति भने अनिवार्य जस्तै थियो ।

यसरी प्राचीन काल देखिनै समय अनुसार कर्जा सम्बन्धी तथा अन्य मुद्दा हेर्ने विभिन्न अदालत तथा सभाको व्यवस्था भएको पाइन्छ । यिनै अदालतहरुले बाबुको ऋण कस्तो अवस्थामा छोराले नतिरे पनि हुन्छ अथवा कसरी ऋण फच्र्यौट हुन वा नहुन सक्छ आदि बारे पनि विचार गर्ने गर्दथे ।

कर्जा उठाउने सम्बन्धमा तथा कुनै एक जनाले लिएको कर्जा कस्तो कस्तो अवस्थामा अरू क-कसले तिर्नु पर्दछ भन्ने कुरा उत्तराधिकारत्व, जमानी तथा हिस्सेदारी सम्बन्धी नियम अनुसार नै परिकल्पित गरिन्छ । प्राचीन आचार्यहरुले पनि यस सम्बन्धमा नियम उपनियमहरू बनाएको पाइन्छ । कौटिल्य अनुसार कुनै सामूहिक ऋण भएमा आसामी मरे पनि छोराले, जमा-नीले र हिस्सेदारले तिर्नुपर्ने र घरायशी खर्चमा लिएको भए छोरा नातिले तिर्नुपर्ने बुझिन्छ । पतिले लिएको ऋण तिर्न पत्नीलाई विवश गर्न सकिन्न तर पत्नीले लिएको ऋण भने पतिले तिर्नै पर्ने, र यदि ग्वालाकी पत्नीहरू भएको खण्डमा भने पतिले लिएको ऋण पनि तिर्नै पर्दछ भन्ने पनि कौटिल्यको विचार छ । आसामीले ऋण नतिर्ने भएमा वा मरेर गएमा सर्वप्रथम जमानीले तिर्नु पर्दछ भन्ने कौटिल्यको राय छ, तर यदि कुनै साहूले दश वर्ष भित्र पनि आफ्नो ऋण उठाउन नसकेमा त्यस धनमा उसको कुनै अधिकार रहने छैन (यदि त्यस्तो कर्जाको धन बालक, वृद्ध, बिरामी, आपदग्रस्त, प्रवासी, देशत्यागी वा राजकार्यले बाहिर गएको व्यक्तिमा भए यो नियम लागु हुँदैन) समेत कौटिल्यले उल्लेख गरेका छन । हाम्रो मध्यकालीन इतिहास

२८. वज्राचार्य र श्रेष्ठ, पूर्ववत नं. १२. पृ. २१६.

२९. उही, पृ. २१४.

अध्ययन गर्दा पनि यस किसिमका उदाहरणहरू पाइन्छन । '३९ वर्ष सम्म ऋण तिरेन भनेर उजूर गर्न जाँदा तमसूकमा वेला वेलामा म्याद नथपिएको' भनी तमसुक अमान्य ठहऱ्याएको कुरा माथि उल्लेख भइ पनि सकेको छ। वाबुको ऋण छोराले तिर्नु पर्ने कुरो त हाम्रो परम्परा नै हो तर यहाँ त दाजुको ऋण भाइले तिर्नु परेको कुरा पनि उल्लेख भएको छ । वि० स० १८५३ को एउटा ऋणपत्रमा **'आफ्नु दाजु धनले नपाल्दाः सत्ये छोडदाः आफ्ना विहाक्षेका भाइको पोल्टा पऱ्या,** भनेर दाजुको ऋण भाइलाई भिराइएको छ ।३०. तर यदि वावुको अंश, अपुताली नलिएको खण्डमा भने छोरालाई पनि वावुको ऋण तिर्न कुनै वाध्यता त्यसवेला पनि हुदैनथ्यो । **'चुखाछेया, स्यांजुया काय, दुर्ग्गादास, रघुनाथ निह्मसेन, धनिया कारनं अबुया अबतारि मकाओ'**–चुखाछेका श्यामजुका छोरा दुर्गादास, रघुनाथ दुवै जनाले साहूको कारणले गर्दा वावुको अपुताली लिएनन भनेर एउटा ठ्यासफूमा टिपिएकोवाट सो कुरा बुझ्न सकिन्छ ।३१

यस किसिमले सामाजिक रूपको वनोटको साथसाथै समाजमा कर्जा प्रथा र व्याजमा विभिन्नता हुँदै आएको पाइन्छ । एकातिर कर्जा प्रथा विकसित हुँदै आएको देखिन्छ भने साथ-साथै ऋण लिनु उचित होइन, यसले सबै धन समाप्त पार्छ भन्ने खालका विचारहरू पनि प्राचीन आचार्यहरूले भन्दै आएको कुरा वैदिक ऋचाहरूबाटै बुझ्न सकिन्छ । यस्तो क्रममा कर्जा प्रथा समाजमा व्याप्त हुँदै आयो । नेपाली समाजमा पनि प्राचीन कालदेखि नै यसका विविध रूपहरु देख्न पाइए । वर्तमान समयमा त यसलाई कानूनी रोक लगाइयो– अर्थात व्याज निर्धारण गरियो । कतिपय ऋणहरू त्यसै माफी हुने मौका दिइयो, तापनि समाजबाट यस प्रचलनलाई हटाउन भने सकिएन । यो हट्न नसक्ने प्रकृया भइसकेको छ । अब त व्याजमा जुन वृद्धि गरिदै आएको छ त्यसले त झन यसको विकृत रूप देखाइरहेकोछ तापनि प्राचीन आचार्यहरूले निर्धारित गरेको ब्याजदर भन्दा कमै व्याजदर समाजमा चलेको छ ।

---

३०. वज्राचार्य र श्रेष्ठ, पूर्ववत, नं. ७. पृ. १७१.

३१. वज्राचार्य र श्रेष्ठ, पूर्ववत, नं. १२. पृ. २४१.

प्रतापमल्लको धार्मिक सहिष्णुता

–रुक्मिणी प्रधान (वन्त)

नेपालको इतिहासमा 'नेपाल संवत्'को शुरूदेखि वा भनुं वि. सं. ९३७ देखि मध्यकालको शुरू मानिएको छ। प्राप्त सीमित सामग्रीको राम्रोसंग अध्ययन मनन समेत हुन नसकेको हुँदा मध्यकालको शुरूका केही काल अझ स्पष्ट हुन सकेको छैन। गोपाल राजवंशावलीमा तिथिमिति सहित विस्तारपूर्वक वर्णन गरिएका राजा शिवदेव हुन्। यी राजा योग्य थिए। यिनलाई भैरवको अवतारको रूपमा वर्णन गरिएको छ (गोपालराज वंशावली ३१ पत्र)। यिनी पछि उपत्यकामा जयस्थितिमल्ल तथा यक्षमल्लजस्ता योग्य राजाले शासन गरेथे। ने. सं. ६०२ मा यक्षमल्लको मृत्युपछि उनका छोराहरूले उपत्यकालाई तीन भागमा विभाजित गरे। त्यसमध्ये कान्तिपुरको राजगद्दी ने. सं. ६०४ मा रत्नमल्लले स्वतन्त्र पारे। यो कुरा ठ्यासफु एफले पुष्टि गर्दछ। पछि टुक्रिएको राज्य संयुक्त पार्ने प्रयास शिवसिंहले पुनः एक पटक गरेथे। उनले ललितपुरलाई कान्तिपुरमा मिलाई आफ्नो जेठा छोरा हरिहरसिंहलाई प्रतिनिधि शासकको रूपमा ललितपुर नियुक्त गरी पठाए। हरिहरसिंह बाबुको जीवनकालमै मरे। शिवसिंहको मृत्युपछि जेठा नाति लक्ष्मीनरसिंह मल्ल कान्तिपुरको गद्दीमा बसे। उता पाटन लक्ष्मीनरसिंहका भाइ सिद्धिनरसिंहले हत्याए। यसरी वर्षौंपछि शिवसिंहले संयुक्त बनाउने प्रयास गरेको राज्य लक्ष्मीनरसिंहको कमजोरीले पुनः टुक्रियो। यी कुरा युवक युवराज प्रतापमल्ललाई चित्त बुझेको थिएन र बाबुकै जीवनकालमा राजनीतिमा अग्रसर भै ललितपुर आक्रमण गर्न पुगे। १८ वर्षको उमेरमा काजी भीममल्लको सहयोगले बाबु लक्ष्मीनरसिंहलाई नजरबन्द गरी आफू राजा भए। यसरी कलिलै उमेरदेखि महत्त्वाकांक्षी भए पनि प्रतापमल्लको चाख राजनीतिमा मात्र सीमित थिएन। उनी कला, वास्तुकला आदिको साथै धार्मिक क्रियाकलापमा पनि त्यतिकै अग्रसर थिए। उनका अभिलेखहरूले यस कुराको पुष्टि गर्दछन। प्रतापमल्लको समयका अभिलेखहरू र अन्य सामग्रीहरूको अध्ययन गर्दा मल्लकालीन राजाहरूमा प्रतापमल्लको महत्त्वपूर्ण स्थान रहेको थाहा हुन आउँछ। राजा प्रतापमल्ल विविध प्रकृतिका राजा थिए। उनको व्यक्तित्वमा विविधता रहेको पाइन्छ। अभिलेखहरूबाट यस कुराको

पुष्टि हुन्छ । उनका अभिलेखहरूबाट धर्मप्रति उनको विशेष झुकाव रहेको देखापर्छ । तर उनका प्रशस्तिबाट भने विशेष कुन धर्मप्रति उनको झुकाव रहेको थियो त्यो भने थाह पाउन सकिँदैन । उनका पुर्खाहरूले आफूले लिएको प्रशस्तिको माध्यमबाट उनीहरूको कुन धर्मप्रति बढी झुकाव छ भन्ने औंल्याउन खोजेको पाइन्छ । कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्लले आफूलाई पशुपतिको चरणकमलको धुलोले कपाल फुस्रो भएको र इष्टदेवता मनमानेश्वरीबाट वरप्रसाद पाएको भनी गर्व गरेका छन् ।(१) त्यस्तै उनी पछिका उनका उत्तराधिकारीहरूले पनि त्यस्तै प्रशस्ति लिने गरेको कुरा उनीहरूको अभिलेखबाट थाहा हुन्छ । तर प्रतापमल्लले भने आफ्नो प्रशस्तिमा प्रायः **'शस्त्रशास्त्र संगीतादि सकल विद्या पारग 'राजराजेन्द्रकवीन्द्र'** भनी लेखिएका छन् जसबाट उनका धार्मिक भावनाभन्दा आफूलाई विद्वान, सबै कलामा निपुण भनी देखाउनामा नै गर्व मानेको कुराको झल्को मिल्दछ । हुनत उनले आफ्ना अभिलेखहरूमा कतै–कतै पुर्खाहरूले धारण गरेको (जुन पछि उनका उत्तराधिकारीहरूले पनि लिए) प्रशस्ति लाई नै लिएको देखिन्छ । सरकारी तहबाट लेखिएका चिठीपत्र, लालमोहर आदिमा प्रतापमल्लको प्रशस्ति पनि प्रायः उही नै छ । तर आफ्ना अभिलेखमा भने उनले परम्परागत प्रशस्ति लिएका छैनन् । यस प्रसङ्गमा एउटा अर्को पनि विचारणीय कुरा छ । उनका प्रायः बौद्ध विहार र चैत्यहरूको सानिध्यमा रहेका अभिलेखमा परम्परागत प्रशस्तिको झलक पाइन्छ । उदाहरणको लागि स्वयम्भू अनन्तपुर र सुनौला वज्र राखिएको मण्डलको अभिलेख लिन सक्छौं ।(२) उनको अन्य अभिलेखहरूमा यस प्रकारको प्रशस्ति कम परेको छ । बौद्ध देवस्थलहरूमा भने बढी रहेको छ । यसबाट उनले आफ्नो धार्मिक सहिष्णुता देखाउन यद्यपि बौद्ध देव–देवीहरूको स्थापना, आराधना, गुठी राख्ने आदि काम गरे तापनि आफूभित्र रहेको परम्परागत हिन्दू छापलाई यस माध्यमबाट प्रकट गर्न खोजेको आभास मिल्छ ।

तात्कालिक समयमा उनको राज्य क्षेत्रभित्र पर्ने प्रत्येक जसो प्रसिद्ध देवस्थलहरूमा प्रतापमल्लका अभिलेखहरू रहेकोबाट उनको धार्मिक सहिष्णुता, प्रत्येक धर्म (तात्कालिक नेपालमा प्रचलित) प्रति रहेको उनको आस्थालाई हामी उल्लेख नगरी रहन सक्तैनौं । यहाँसम्म कि आफ्नो क्षेत्रभन्दा बाहिर पर्ने भक्तपुरमा रहेको महाकालीको(३) उनको अभिलेखबाट समेत उनको धार्मिक गतिविधि सीमित नरहेको थाहा हुन्छ ।

---

१. गौतमवज्र वज्राचार्य हनुमानढोका राजदरबार, प्रथम संस्करण (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३३), पृ. १९८.
२. गौतमवज्र वज्राचार्य र महेशराज पन्त (सं,) अभिलेख संग्रह, तेश्रो भाग (काठमाडौं: संशोधन मण्डल, वि. सं. २०१८), पृ १७.
३. उही

नेपालको प्राचीन इतिहास केलाएर हेर्दा राजा प्रतापमल्लभन्दा पहिलेका प्रसिद्ध राजा-हरूमा धार्मिक सहिष्णुता रहेको पाउँछौं। लिच्छवि युग पनि यस परम्परादेखि अलगिएको थिएन। आजसम्ममा ऐतिहासिक दृष्टिले प्रामाणिक मानिआएका मानदेवका अभिलेखहरूको अध्ययन गर्ने हो भने व्यक्तिगत रूपमा उनको भगवान विष्णुप्रति गहिरो आस्था रहेको थाहा हुन्छ। यो कुरा उनको चाँगुनारायणको अभिलेखले पनि संकेत गर्दछ।(४) उनले बनाउन लगाएका विष्णुविक्रान्तका मूर्तिहरूले यो कुरा अझ प्रमाणित गर्दछन्। यसको साथै मानदेवले शिवलिंग स्थापना गरी शैवधर्मप्रतिको(५) आस्थालाई स्पष्ट रूपमा व्यक्त गरेको कुरालाई वेवस्ता गर्न सक्तैनौं। उनले आफ्नो नाउँमा 'मानविहार'(६) बनाउन लगाएकोबाट बौद्धधर्ममा उनको त्यत्तिकै श्रद्धा रहेको कुरा थाहा हुन्छ। राजा अंशुवर्माको पनि प्रत्येक धर्मप्रति आस्था थियो। हुनत उनको प्रशस्ति 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत' माथि हृदयंगम गर्ने हो भने उनको शैवधर्मप्रति रहेको विशेष झुकाव ज्ञात हुन्छ। साथै उनको हाँडीगाउँमा रहेको एक अभिलेखमाथि विचार गर्दा उनको धर्म सहिष्णुताको परिचय मिल्दछ।(७) त्यस्तै राजा नरेन्द्रदेवले पनि आफूलाई 'पशुपति भट्टारक पादानुगृहित' भनेका छन्। चीनिया राजदूत वाङ युन चेको विवरणलाई मान्ने हो भने उनी बुद्ध मूर्ति अंकित कम्मर पेटी बाँध्थे भन्ने थाहा हुन्छ। उनका अभिलेखहरूले यस कुराको पुष्टि गर्दछन्।

यसबाट नेपालमा राजा र जनताहरूमा धर्म समन्वय थियो भन्ने थाहा हुन्छ। तात्कालिन समाजमा धर्मप्रति कट्टरता वा कुनै बन्देज थिएन। एकै परिवारका व्यक्तिहरूले समेत आ-आफ्नो इच्छानुसारको कुनै पनि धर्मलाई अंगीकार गर्ने स्वतन्त्रता रहेको थियो। यसैको अनुरुप मध्यकालका राजा प्रतापमल्लमा समेत धार्मिक सहिष्णुता थियो भन्दा कुनै आश्चर्यको कुरा हुदैन। तर उनका वरपरका राजाहरूमा र उनमा तुलनात्मक दृष्टिले विचार गर्‍यौं भने धार्मिक सहिष्णुताको क्षेत्रमा पनि प्रतापमल्लको केही विशेषता झल्किन्छ। उनको धार्मिक भावना एक पक्षीय मात्र रहेको छैन। उनी हरेक देव-देवीप्रति समान भाव राख्दथे। कहीं कही हिन्दू देव–देवीका साथै बौद्ध देब-देवीको उपासना गरिएको जस्तो अनौठो भावना समेत प्रतापमल्लमा रहेको देखा पर्छ। विष्णुमतीको पुल निर्माण गराउँदा उनले बौद्ध देवता अक्षोभ्य, रत्नसम्भव आदिको नाम उल्लेख गराउनु उनको धार्मिक उदारताको प्रतीक हो भन्न

---

४. योगी नरहरिनाथ (सं.) "श्री मानदेवजयस्तम्भा अभिलेखः" संस्कृत सन्देश, बर्ष १, अंक ६ (वि. सं. २०१०) पृ. ४०.

५. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख पहिलो संस्करण (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ. ४१.

६. उही, पृ. ७७.

७. उही, पृ ३२०.

गाह्रो पर्दैन ।(८) त्यस्तै उनको समयमा उनले राख्न लगाएको एक ताम्रपत्रको अध्ययन मननबाट पनि उनको प्रत्येक देव-देवीलाई समान रूपमा मानेको कुराको पुष्टि मिल्दछ। पशुपतिमा रहेको उक्त ताम्रपत्रको उठानमा तलेजु, गुह्येश्वरी, पशुपति, मछीन्द्रनाथ, हरिवंश कालिका पुराण, हरिसीद्धि, लक्ष्मीनारायण सालिग्राम आदि विभिन्न देव-देवींहरुलाई साक्षीको रुपमा राखिएको छ।(९)

स्वयम्भूमा रहेको एक अभिलेखको शुरूमा प्रतापमल्ल आफैले स्तोत्र रचना गरेको वर्णन परेको छ । यस अभिलेखको स्तोत्रका केही पंक्तिहरूमाथि ध्यान दिने हो भने प्रतापमल्लको विचित्र धार्मिक भावनाको झल्को मिल्दछ । उक्त अभिलेखमा प्रतापमल्लले स्वयम्भूलाई महेश्वर र भनी शिवको कल्पना गरेको पाइन्छ। फेरि यसमै शैव, बौद्ध, शक्ति वैष्णव, सौर दर्शनका कारण(१०) भएको भनिएकोबाट उनले कुनै धर्ममा भेदभावको भावना नलिएको स्पष्ट देखा पर्न आउँछ ।

ने. सं. ७७५ मा उनले बनाउन लगाएका वा गुठी आदि दिई राख्न लगाएका केही शिलापत्रहरू माथि विचार गर्दा उनले एकै वर्षमा विभिन्न (प्रायः प्रत्येकजसो) धर्महरूमा समान आस्था राखेको थाहा हुन्छ । उदाहरणकोलागि पशुपतिमा कोटिलिंग स्थापना गराएको, (११) स्वयंभूमा रानी सहित भइ उग्रतारा स्थापना गराएको, (१२) साँखु बज्रयोगिनीको मन्दिर निर्माण गगाउन लगाएको, (१३) हनूमान ढोका क्षेत्रमा हनूमद्ध्वज र मनिध्वज राख्न लगाएको (१४) आदि लिन सक्छौं । यसै प्रकार उनले हरेक समयमा समान रूपले प्रत्येक धर्मको सम्मानार्थ कुनै न कुनै प्रकारका कृतिहरू राख्न लगाएको पाइन्छ ।

ने. सं. ७७७ मा स्वयम्भूमा आफूले ,स्तोत्रको रचना गरी राख्न लगाएको अभिलेखमा उनले बौध्द धर्म र शैवधर्ममा भेद नरहेको वा नमानेको भावना व्यक्त गरेको जस्तो लाग्छ। (यो माथि वर्णन गरिसकिएको छ) । हनूमानढोका दरबार क्षेत्रमा ने. सं. ७७७ मा विश्व

---

८. वज्राचार्य र पन्त, पूर्ववत्, नं. २, पृ. २२
९. डी. आर. रेग्मी, मिडिएभल नेपाल भाग ४, पहिलो संस्करण (कलकत्ताः फर्मा के. एल. मुखोपाध्याय, १९६६), पृ. ११३.
१०. उही, पृ. १०७.
११. डी. राइट, हिस्ट्री अफ नेपाल, दोश्रो संस्करण (कलकत्ताः सुशील गुप्ता प्रा. लि., १९५८), पृ. १३०.
१२. रेग्मी, पूर्ववत नं. ९, पृ. १०५.
१३. वज्राचार्य र पन्त, पूर्ववत, नं. २, पृ. १२.
१४. वज्राचार्य, पूर्ववत, नं. १, २१२.

रूपको सुनौला मूर्ति बनाई राख्न लगाएका थिए। (१५) जुन आजसम्म पनि इन्द्रजात्राको अवसरमा प्रदर्शन गरिन्छ।

यसरी प्रतापमल्लका प्राप्त प्रशस्त ताम्रपत्र र शिलापत्रहरूको अध्ययनबाट शिलापत्र कुँदाइमा केही नौलोपना रहेको देखा पर्छ। उनीभन्दा पहिलेका राजाहरूले शिलापत्रको अन्तिम भागतिर फलप्राप्ति वा पापलागोस् भन्ने भाव व्यक्त गर्ने 'पंचमहापातक लाक जुरो' वा 'ब्रह्महत्या, गोहत्या आदि पञ्चमहापाप लागोस्' कुदिएको छ। तर प्रतापमल्लले यस शब्दमा अगाडि 'कोटि' थपि 'कोटि पञ्चमहापाप, कोटि गोहत्या, कोटि शिवलिंग गरेको पाप लागोस्' आदि भनिएको पाइन्छ।

उपर्युक्त कुराहरूबाट उनको अभिलेखहरूमा धार्मिक भावनाको पक्ष निकै झल्किएको देखा पर्छ। साथै उनी आफूलाई अन्यभन्दा केही फरक देखाउनमा अग्रसर रहन्थे भन्ने कुराको पनि संकेत मिल्दछ। उनको प्रायः प्रत्येक क्रियाकलापबाट प्रतापमल्लको विशेषताको झल्को मिल्दछ र केही नौला कुराको चिनारी पनि हुन्छ।

प्रतापमल्लका अभिलेखहरूमध्ये ने. सं. ७९० को रानीपोखरीस्थित अभिलेखहरू महत्त्वपूर्ण छन्। हुनत सरसरी हेर्दा प्रतापमल्लका प्रायः सबै अभिलेखहरूको आ-आफ्नै विशेषताहरू छन्। प्रत्येक अभिलेखले उनको समयको कलाकारीता, संस्कृति आदिमा प्रकाश पारेको पाइन्छ। तापनि रानीपोखरीमा रहेको उक्त अभिलेखले नेपाली इतिहासमा अझ नौला नौला कुराहरूमा जोड दिइरहेको देखा पर्छ। प्रतापमल्लको यस अभिलेखले तात्कालिक नेपालको सामाजिक र धार्मिक पक्षलाई औंल्याइरहेको पाइन्छ। यसबाट त्यसवेलाको समाजमा नेवारी भाषाले बाहेक नेपाली भाषाले पनि प्रवेश पाइसकेको थाहा हुन्छ। अर्कोतिर समाजमा रहेको तीर्थस्थलहरूको महत्त्वलाई यसले बुझाएको छ।

तिनताक नेपाली समाजमा तीर्थगर्ने प्रचलन रहेको थियो भन्ने कुरा रानीपोखरीको उक्त अभिलेखबाट स्पष्ट हुन्छ। अझ त्यसबखत भारतका प्रसिद्ध तीर्थस्थानहरू काशी, गया, त्रिवेणी आदिमा श्रद्धापूर्वक गई भक्तिसाथ स्थान पूजा गर्ने, धर्म गर्ने परम्परा थियो। तर नेपाली क्षेत्रभित्र पर्ने कैयौं तीर्थस्थानबारे नेपालीहरू अन्जान थिए। यस्ता नेपालका विभिन्न स्थानहरूमा छरिएर रहेका तीर्थस्थलहरूलाई समेत प्रतापमल्लले महत्व दिएको कुरा उनको यस अभिलेखको अध्ययनबाट थाहा हुन्छ। उनको यस अभिलेखमा रानीपोखरीको निर्माण गराउन लगाई उक्त पोखरीमा विभिन्न तीर्थस्थानहरूबाट जल ल्याउन लगाएको र पोखरीमा

१५. रेग्मी, पूर्ववत नं. ६, पृ १२.

भर्न लगाएको व्यहोरा परेको छ। आफ्ना मृत छोरा चक्रवर्तेन्द्रमल्लको संझनामा बनाउन लगाएको उक्त पोखरी आफ्नी रानीलाई सान्त्वना दिनको लागि थियो। यसरी आफ्नो मृत छोराको संझनामा निर्माण गर्न लगाएको रानीपोखरीमा स्नान संध्या मात्र गर्नाले पनि विभिन्न तीर्थस्थानको पुण्य प्राप्ति होस् भन्ने भावना रहेको थाहा हुन्छ। प्रतापमल्ल आफैंले संकल्प गरी विभिन्न तीर्थस्थानहरूबाट जल ल्याउन लगाई पोखरीमा हालेको कुरा अभिलेखमा परेको छ। यसै सन्दर्भमा यहाँ वाराणसीको गंगाजल, मुक्तिक्षेत्र, वराहक्षेत्र आदि प्रसिद्ध स्थानहरूको पनि नाम परेको छ।(१६)

रानीपोखरीको निर्माणको साथै उनले नारायणको सुन्दर मूर्ति पनि स्थापित गराएथे। यो कुरा त्यहीं रहेको मूर्तिको पादपींठको अभिलेखले स्पष्ट गर्छ।(१७)

यसपछिको प्रतापमल्लको धार्मिक दृष्टिकोणले अर्को महत्वपूर्ण अभिलेख हनुमानढोका (कवीन्द्रपुर) को पाटीमा रहेको छ। यस अभिलेखबाट उनको अभिरूचिबारे थाहा पाउन मद्दत मिल्दछ। उनलाई प्रायः उनका अभिलेखहरूमा भनिने 'शस्त्रशास्त्रसंगीतादि सकल विद्या पारग' भनाइको पुष्टि यस अभिलेखबाट हुन्छ। मल्लकालीन राजाहरूमा यी राजाको व्यवहार तथा स्वभाव केही भिन्न खालको रहेको कुराको चर्चा हामीले अगाडि पनि गरिसकेका छौं। यसले उक्त कुराको अझ समर्थन गरेको पाइन्छ। यिनी आफै कविता रच्ने, संगीत र नृत्य आदिमा पनि भाग लिने विद्वान् राजा थिए भन्ने कुरा सर्वमान्य छ। रानीपोखरीको अभिलेखमा परेको 'अतः परंभाखा।। श्री श्री जय प्रतापमल्ल देवेन आफूले शास्त्र हेरिकन' भन्ने वाक्यले पनि प्रष्ट पार्दछ। हनुमानढोकाको एउटा अभिलेखले पनि उनको त्यस सम्बन्धी ज्ञानको बोध गराउँछ।(१८)

---

१६. योगी नरहरिनाथ, "कान्तिपुरभूपस्य श्री प्रतापमल्लस्य शिलालेखः" संस्कृत सन्देश, वर्ष १, अंक ११, (वि. सं. २०१०), पृ. ५५.

१७. वज्राचार्य र पन्त, पूर्ववत्, नं. २, पृ. २४.

१८. वज्राचार्य, पूर्ववत् नं १, पृ २१३,

"तस्मिन्द्विने महाराजाधिराज भूपकेशरी श्री श्री कवीन्द्रजय प्रतापमल्ल द्वेउ प्रभु ठाकुरसन थम शास्त्रस सोयाव पिकायाव थ्व भूगोल पृथ्वी चोस्य विज्याङा जुरो ॥ शुभमस्तु सर्व्वद्राकाल ॥

(त्यसदिन महाराजाधिराज भूपकेशरी श्री श्री कवीन्द्र जयप्रतापमल्ल देव प्रभु ठाकुरले आफै शास्त्र हेरी त्यस अनुसार यो भूगोल पृथ्वी लेखी राख्न लाउनु भएको हो। सधैं शुभहोस्)।

उपर्युक्त कुराहरूबाट उनको ज्ञानबारे जानकारी मिल्दछ। उनका ज्यौतिष आदि शास्त्र हेर्नमा समेत दखल रहेको कुरा अस्वीकार गर्न सकिदैंन। उनको दरवारमा प्रसद्धि ज्ञानानन्दजस्ता शैव तांत्रिक, काठमाडौं उपत्यकाको प्रसिद्ध जामुना गुभाजुजस्ता बौद्ध तान्त्रिक, दक्षिण भारतबाट आएका लम्बकर्ण भट्टजस्ता विद्वानहरूले प्रश्रय पाएकोबाट पनि प्रतापमल्लको हिन्दूधर्मको तान्त्रिक परम्परामा झुकाब थाहा हुन आउँछ।(१९)

यसरी प्रतापमल्लको विद्वान प्रतिको कदरले उनको विद्वताको परिचय मिल्दछ। हनुमानढोकास्थित ठूलो जलद्रोणीको पन्द्रह किसिमको लिपि लेखिएको अभिलेखले उपर्युक्त कुराको पुष्टिको लागि बल मिल्दछ। यसमा यी लिपिहरू बुझ्ने विद्वान्, नबुझ्नेको जन्म व्यर्थ भन्ने व्यहोरा समेत परेको छ।(२०)

त्यस्तै प्रायः उनका अभिलेखहरूमा तत्सम्वन्धी देव-देवीहरूको स्तोत्र लेखेको वर्णन पाइन्छ। जुन प्रतापमल्लको आफ्नै रचना भन्ने संकेत गरिएको हुन्छ। यी कुराहरू प्रायः उनको अभिलेखमा रहेको संस्कृत भागको अन्ततिर वा बीचमा परेका छन्।(२१) यी सबबाट प्रतापमल्लको शस्त्रशास्त्र, संगीत आदि प्रतिको चाख बुझ्न गहारो पर्दैन। यसको साथै उनको अनौठो व्यवहारको परिचय पनि हनुमानढोकाको अभिलेखबाट मिल्दछ। प्रतापमल्ल कुनै अवसरमा विष्णुको नरसिंह अवतारको रूपमा नर्तक भई रंगमंचमा उत्रेको कुरा यस अभिलेखले बताउँछ। यसबेला भगवान नरसिंहको आक्रोश स्वरुपको नाना शव्दहरू सुनिए र नरसिंहलाई शान्त पार्न प्रतापमल्लले नरसिंहको भव्य मूर्ति बनाई दरबारमा राख्न लगाएका थिए।(२२) यो घटना अभिलेख अनुसार ने. सं. ७९२ हो।

---

१९. डी आर. रेग्मी, मेडिएभल नेपाल, दोश्रो भाग, पहिलो संस्करण (कलकत्ताः फर्मा के. एल. मुखोपाध्याय, १९६६) पृ. ६९.

२०. शंकरमान राजवंशी सम्पादक, कान्तिपुर-शिलालेख सूची (काठमाडौंः श्री ५ को सरकार शि मं. पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय, २०२७), पृ. ७८.

२१. पूर्ववत्, नं. २, पृ. १३

'इति श्री नेपाल महीमण्डलाखण्ड श्री श्री कवीन्द्र जयप्रतापमल्लदेव विरचितं वज्रयोगिन्याष्कामद्रं स्तोत्र समाप्त ॥'

(श्री नेपाल मण्डलका अधिपति श्री श्री कवीन्द्र जयप्रतापमल्ल देवले बनाएको इच्छा पूरा गरिदिने वज्रयोगिनीको स्तोत्र सिद्धियो)।

२२. योगी नरहरिनाथ, "जय प्रतापमल्लदेवस्य शिलालेखः" संस्कृत संन्देश, अंक ४, वर्ष एक (२०१०) पृ. १.

"इति श्री महाराजाधिराज भुपकेसरी श्री श्री कवीन्द्र जयप्रतापमल्लदेव

ने. सं. ७९२ को एउटा अर्को अभिलेख तलेजु मन्दिरको खापामा रहेको छ । यसको भाषा अन्य अभिलेखहरूमा झैं संस्कृत र नेवारी रहेको छैन । यसको अन्तमा रहेको नेवारी भागबाट यो स्तोत्र देवीको प्रार्थना स्वरूप लेखिएको थाहा हुन्छ । तर माथिल्लो भाग कुन भाषामा कुदिएको हो भन्न सकिदैन । तात्कालिन नेपालमा मैथिलि भाषाको पनि प्रयोग हुन्थ्यो । यो कुरा प्रतापमल्लले विजयपुरका सेनराजालाई लेखेको व्यक्तिगत पत्रमा मैथिली भाषा प्रयोग गरिएबाट थाहा हुन्छ। (२३) त्यसकारण तलेजुको खापामा रहेको अभिलेख पनि मैथिली भाषामा लेखिएको हुनु पर्छ । (२४)

प्रतापमल्लको धार्मिक गतिविधिको सिलसिलामा उनले बनाउन लगाएका राधाकृष्णको मन्दिर र त्यहाँ रहेको अभिलेखलाई पनि बिर्सनु हुन्न । यद्यपि यो कृष्ण मन्दिर उनले पाटनको कृष्णमन्दिरको प्रतिस्पर्धामा बनाउन लगाएका थिए भन्ने विश्वास गरिन्छ । तापनि तात्कालिन समाजमा उनले नजानीदो गरी वैष्णव धर्म अन्तर्गत रहेको राधाकृष्णको परम्परालाई प्रचारमा ल्याएका थिए । उक्त मन्दिरमा रहेको सत्यभामा र रूक्मिणी सहितको वंशगोपाल मूर्ति प्रतापमल्लले आफ्ना मृत दुइ रानीहरूको सम्झनामा, अर्को जन्ममा समेत

विरचित नृत्येश्वर दशक समाप्त ।। श्री श्री श्री नरसिंहरूपाय नमः ।। महाराजाधिराज भूपकेसरी श्री श्री कवीन्द्रजयप्रतापमल्ल देव प्रभु ठाकुर थम श्री श्री नरसिंह अवतार जुयाव प्याखन धुङ्कानलि प्याखन छायतया थास श्री श्री श्री नरसिंह परमेश्वर प्याखन छायस दुविंयाव, नानाशब्द दयके चिन्न दयकु निमित्तन, तोल तयके निमित्तन महाराजाधिराज भूपकेसरी श्री श्री कवीन्द्र जयप्रतापमल्ल देव प्रभु ठाकुरस थश्री नामन कवीन्द्रपुरस श्री श्री नरसिंह परमेश्वर सालिक स्थापन याङ विज्याङ ।"

(श्री महाराजाधिराज, भूपकेश्वरी श्री श्री कवीन्द्र जयप्रतापमल्ल देवले बनाएको नृत्येश्वर दशक सिद्धियो । श्री श्री श्री नरसिंहलाई नमस्कार । महाराजाधिराज भूपकेशरी श्री कवीन्द्र जयप्रतापमल्ल देव प्रभु ठाकुरले आफै श्री श्री नरसिंहको रूप लिई नृत्य गर्नु भयो । नृत्य सकिएपछि नृत्य गरी राखिएको ठाउँमा श्री श्री श्री नरसिंह परमेश्वर अभिर्भाव भई भित्रिइ अनेक प्रकारको शब्द गर्नुभयो; चिन्ह देखाउनुभयो; यसकारण परमेश्वरलाई विदा गराउन महाराजाधिराज भूपकेसरी श्री श्री जयप्रतापमल्ल देव प्रभु ठाकुरले आफ्नै नामले कवीन्द्रपुरमा श्री श्री श्री नरसिंह परमेश्वरको मूर्ति स्थापना गर्नुभयो) ।

२३. मोहन प्र. खनाल, अभिलेख संकलन, (काठमाडौं: साझा प्रकाशन, २०२८, पृ. ३१.

२४. रेग्मी, पूर्ववत् नं. ६, पृ. १४७.

साथ रहोस् भन्ने उदेश्यले बनाउन लगाएका थिए। यो कुरा त्यहीको उनको अभिलेखले व्यक्त गर्दछ । ने. सं. ७६९ मा बनाउन लगाएको यो मन्दिर धार्मिक दृष्टिकोणले निकै महत्वपूर्ण छ ।

त्यस्तैगरी उनको शान्तिपुर प्रवेशले पनि उनको धार्मिक समन्वयको भावनालाई व्यक्त गर्दछ। यसबाट खासगरी उनको तन्त्रविद्याप्रति रहेको अभिरूचिलाई प्रष्ट गर्दछ। प्रतापमल्लको शान्तिपुर प्रवेशलाई पुष्टि दिने अन्य साधन प्राप्त छैनन्। तापनि शान्तिपुर भित्रको वर्णन, त्याहाको वातावरणको उल्लेखको साथै राखिएका ने. सं. ७७८ को शिलापत्र साथै चित्रपटले पनि यसलाई केही आड दिन्छ। यसमा वर्णित कैयौं कुराहरू स्वयंम् पुराणसंग मिल्ने हुँदा यो कुरा कल्पना मात्र हो पनि भन्न सकिदैन। तीनताक नेपालमा खडेरी पर्‍यो। शान्तिपुर भित्र रहेको नागको रगतले लेखिएको पुस्तक बाहिर ल्याए पानी पर्छ भन्ने जन-विश्वास अनुसार पुस्तक बाहिर ल्याउन उपायहरू गरिए, तर सफल भएन। अन्तमा प्रतापमल्ल आफै विभिन्न पूजा सामाग्रीका साथ शान्तिपुरभित्र प्रवेश गरी पुस्तक ल्याउन सफल भए। फलस्वरुप पानी पर्‍यो। यी सम्पूर्ण कुराहरू स्वयम्भू शान्तिपुरस्थित एक शिलापत्रमा अंकित छ। यस अवसरका घटनालाई चित्रपटमा चित्रित समेत गर्न लगाएका थिए।(२५)

उपर्युक्त कुराहरूमाथि ध्यान दिने हो भने प्रतापमल्लको धार्मिक सहिष्णुता वा उनमा रहेको धार्मिक समन्वयको भावनाबारे थाहा पाउन गाह्रो पर्दैन। उनका अभिलेखहरू-मा उनले सोझै कुनै धार्मिक पक्षलाई औंल्याउने खालका प्रशस्तिहरू नलिएको कुरा पनि स्पष्ट भइसकेको छ। उनले आफ्नो प्रशस्ति अनुसार विचित्र प्रकारका क्रियाकलाप गरेको कुरा पनि उनका प्रकाशित अभिलेखका आधारमा वर्णन गरिसकिएको छ। यद्यपि उनको प्रशस्तिमा उनको धर्मप्रतिको झुकावबारे स्पष्ट संकेत मिल्दैन, तापनि अभिलेखहरूमा परेका उनका कुराहरूले उनको भावनामा धर्मको निकै स्थान रहेको बुझिन्छ। अभिलेखहरूमा कुँदिने पञ्चमहापातकलाई उनले कोटि पञ्चमहापातक गरे। यसबाट उनको हृदयमा रहेको पाप पुण्यको लेखाजोखा मिल्दछ। उनले हिन्दू देवीप्रति भक्ति-प्रदर्शन गर्न प्रस्तर स्तम्भ खडा गरी देवीका वाहन सिंह राख्न लगाउनुका साथै (तलेजु त्रिशुलचोकको सिंहध्वज, गुह्येश्वरीको सिंहध्वज, त्रिशुलडवलीको प्रस्तर स्तम्भ) स्तम्भमाथि देवीको सम्मानार्थ आफ्नो र आफ्ना परिवारका सालिकहरू राख्न लगाएका थिए। उनले बौद्ध देवस्थल स्वयम्भूमा मन्दिर मूर्तिहरूका साथै सुनौला बज्र चढाई बुद्धप्रतिको भक्ति दर्शाउन छाडेनन्। काठे

२५. गौतमवज्र वज्राचार्य, "प्रतापमल्लको शान्तिपुर प्रवेश" पूर्णिमा, वर्ष १ अंक ४ (वि. सं. २०२१) पृ. ३७–३७.

सिम्भूको जिर्णोद्धारमा उक्त स्तूपको अन्तिम चक्र प्रतापमल्लले आफ्नो नाममा चढाएथे । यसै-गरी शैव र वैष्णव धर्ममा पनि उनको श्रद्धा छँदै थियो । उनले नृत्येश्वर, कोटिलिंग आदिका साथै पशुपति मन्दिरमा गजुर चढाई आफ्नो र रानीको सालिक भक्तजनको रूपमा राख्न लगाएको कुरा त्यहाँ रहेको अभिलेखले नै व्यक्त गर्दछ । शाक्त धर्ममा पनि उनको आस्था थियो । यसैकारण उनले गुह्येश्वरी कुण्डमा अष्टदलकलमले छोपेथे । अष्टमातृकाको कलात्मक मूर्ति बनाई आफ्नो दरवारमा स्थापित गराए ।(२६)

यसरी समय–समयमा प्रतापमल्लले हरेक देव-देवीप्रति आफ्नो भक्ति प्रदर्शन गरेका छन् । कान्तिपुरस्थित प्रत्येक देवस्थलहरूमा उनले केही न केही कृतिहरू छोडी आफ्नो धार्मिक सहिष्णुताको परिचय दिएका छन् । तापनि उनको अभिलेखहरूको मनन गर्ने हो भने उनको विशेष गरी वैष्णव धर्मप्रति नै वढी रूचिरहेको थियो भन्ने मलाई लाग्दछ । उनले अन्य धर्मका भन्दा वैष्णव धर्मका देव-देवी तथा मन्दिरहरूको नै बढी स्थापना गराएको पाइन्छ । दरबार क्षेत्रको रूक्मिणी, सत्यभामा सहित कृष्णको मन्दिर, पशुपतिको वासुकी मन्दिर, काठमाडौ भीमसेनस्थानको द्रौपदीको मूर्ति, रानीपोखरीस्थित वंशगोपालको मूर्ति आदि । अझ राजाजस्तो व्यक्तिले विष्णुको एक अवतार नरसिंहको रुप लिई रंगमचमा उभेको भन्ने बाक्यले (अभिलेखमा परेको) उनको अन्य धर्ममा भन्दा वैष्णब धर्ममा बढी झुकाव थियो भन्ने भन्ने कुरामा बल मिल्दछ । हुन त अभिलेखहरूबाट यो कुरा स्पष्ट थाहा पाउन सकिदैन, न त अन्य कुनै साधनबाट यो कुराको पुष्टि हुन्छ । फेरि अन्य राजाहरूका झैं उनका प्रशस्तिले पनि यसतर्फ संकेत गरेको पाइदैन ।

२६. वज्राचार्य, पूर्ववत् नं. १, पृ. १०१.

नेवारहरूले मनाउने "सी का भ्वय्": एक अध्ययन

–रमेशराज कुँवर

मेचीदेखि महाकालीसम्म छरिएर वसोवास गर्ने नेपालका विभिन्न जातिहरूमध्ये नेवार जाति पनि एक हो । जातीय संस्कृतिकों दृष्टिकोणमा नेवार संस्कृति ज्यादै महत्वपूर्ण छ । यो जात भित्र अनेक थरहरू पाइन्छन् तापनि भाषा भने एउटै देखिन्छ । वि. सं. २०२८ सालको जनगणना अनुसार यिनीहरूको संख्या ४,५४,९७९. भएको कुरा श्री बालकृष्ण पोखरेलले उल्लेख गर्नु भएको छ । (१) यस जातिका सम्पूर्ण थरहरूले एउटै भाषा वोल्ने भए तापनि तिनीहरूको चालचलन पूर्णतया मेल खाँदैन । यसका एक समूह हिन्दू धर्मावलम्वी छन् भने अर्को समूह वौध्द धर्मावलम्वी छन् ।(२) यसैले गर्दा नै चालचलनमा भिन्नता देखिन गएको हो। सामाजिक स्तर अन्तरगत श्री गोपाल सिंह नेपालीले द्यो ब्राह्मण, गुभाजु अथवा वज्राचार्यलाई र वाँडा अथवा वरेलाई पुरोहित जातमा; छ थरी श्रेष्ठ, पाच थरी श्रेष्ठ र उदाश लाई उच्च जातमा; पहाडी ज्यापु र हले (अथवा ग्वाला) लाई मध्यम स्तरको जातमा; गठु, नाउ, खुस, चित्रकार, छिपा, मानन्धर अथवा शाल्मी, कौउ, लाई सानो जातमा; डुइयाँ, वलमी, संग अथवा संगत अनि भा, कशाही, कुश्लेलाई निम्न जातमा र पोडे, कुलु, च्यामे र हलाहलुलाई अछुत जातमा राख्नु भएको छ ।(३) यसै क्रममा कोलिन

१. बालकृष्ण पोखरेल, राष्ट्रभाषा, तृतीय संस्करण, (काठमाडौं: साझा प्रकाशन २०३६), पृ ८३

२. Dilliram Dahal, "Anthropology of Nepal," *Nepalese Cultural Heritage*, (Kathmandu: Hotel Management & Tourism Training Centre, 1978), p. 214

३. Gopal Singh Nepali, *The Newars*, (Bombay: United Asia Pblicatinns, Jan. 1965), p. 150.

रोजरले प्याङ गाउँको नेवार समाजलाई जु पीं (पानी चल्ने जात) र मजुपीं (पानी नचल्ने जात) ४) भनी सम्बोधन गर्नु भए तापनी जेरार्ड टोफिनले यसमा **टिमजुपीं** (अछुत जात)(५) समेत थपी जातीय स्तरिकरण गर्नु भएको कुरालाई अझैसम्म पनि स्वीकार्न करै लाग्छ। शिक्षित नेवारमा यो भावना नभए तापनि आशिक्षित तथा मध्यम स्तरको नेवार-हरूमा सो भवाना आज सम्म विद्यमान छ।

जेहोस, अति मिश्रित संस्कृति लिएर बसेको नेवार जातिको अध्ययन "सी का भ्वय्" संग सम्वन्धित छ। उनीहरूको भाषामा भोजलाई "भ्वय्" भनिन्छ। वाह्रै महिना भोज खानमा व्यस्त रहने नेपाली जातिहरूमा नेवार नै मुख्य हुन्। केही नेवारहरुको भनाइ अनुसार एक वर्षमा जति पैसा कमाइन्छ त्यसको आधि रकम भोजमा खर्च हुन्छ। केही हृद सम्म यो कुरालाई स्वीकार्न पनि सकिन्छ।

प्रायगरी नेवांरहरू गुठी, व्रतबन्ध, विवाहमा, वरेखी, जात्रा तथा पर्व या उत्सवको वेलामा भोज खान्छन्। विवाहमा खाने भोजलाई **ब्या भ्वय्**, गुठीमा खाने भोजलाई **गुठी भ्वय्**, मान्छे मरेको तेह्र दिनमा खाने भोजलाई **घ : सु भ्वय्**, पैंतालिस दिनमा खाने भोजन लाई **लट्टे भ्वय्**, छ महिनामा खाने भोजलाई **खुला भ्वय्**, र एक वर्षमा खाने भोजलाई **द कीला भ्वय्**, भनिन्छ। चाहे गुठीको अवस्थामा होस् या देवोली गर्दाको अवस्थामा या अन्य कनै परिस्थितिमा जनावर र पंक्षीहरूलाई देवताको थानमा वलि दिइएको छ भने त्यस अवसरमा गरिने भोजलाई "सी का भ्वय्" भनिन्छ।

यसवारे मनमैंजु (वालाजुदेखि आधा घण्टा उत्तरपट्टि अवस्थित नेवांर गाउँ) टोखा, (६) टुपेक, टुशाल र गाम्चा (यी तीनै गाउँ टोखा देखि पूर्व पट्टि अवस्थित छन्,) नामक नेवार गाँउँमा अध्ययन गरिएको छ। केही कुराहरू शहरका नेवारहरूबाट पनि नलिइएको होइन। यसै क्रममा टाउकोको बिभिन्न भागलाई **'सी'** भनिन्छ भनी श्री जनकलाल

४. Collin Rosser, "Social Mobility in Newar Caste System," *Caste and Kin in Nepal India and Ceylon*, (ed) by C. Van Furer Haimendorf, (Bombay: Asia publishing House, 1966),. p. 88

५. Gerard Toffin, Inter" Caste relations in a Newar Society,'' *Himalayan Anthropology*, (ed) by James Fisher, (Mouton Publishers, 1978), p. 467

६. यो ठाउँ काठमाडौंदेखि करिव २ घण्टा टाढा उत्तरपट्टि अवस्थित छ। सो ठाउँमा करिव १००० नेवार घरहरु छन्। २०३८ साल श्रावण महिनादेखि २०३९ साल आषाढ महिना सम्मको लागि नेपाल र एशियाली अनुसन्धान केन्द्र मार्फत "टोखाको साँस्कृतिक अध्ययन" नामक शीर्षकमा अनुसन्धान गर्दै आएको छु।

शर्मालि लेख्नु भएको छ। (७) कायगुलाई छोट्करीमा 'का' भनिएको हो भनी जेरार्ड टोफिनले लेख्नु भएको छ। (८)

साधारणतया "सी का भ्वय्" बलि दिए पिच्छे गरिन्छ। तैपनि सना गुठीको भोंजको अवसरमा देवाली पूजाको भोजको अवसरमा, महा अष्टमीको भोजको अवसरमा यसको विशेष महत्व हुन्छ। टोफिनको भनाइ अनुसार, यदि बलि गुठी भोजको अवसरमा गरिएको छ भने त्यो भाग, आफ्ना दाजु-भाइ मध्येका जेठाहरूले भेट्राउँदछन्। दशैं भोजमा परिवारका बाबुहरूमा जेठाका हिसावले यो भाग वाडिन्छ। यदि परिवार त्यति ठूलो छैन भने टाउकोलाई पाँच टुक्रा गरेर मात्र काटिन्छ। (९)

यसै शिलसिलामा श्री जनकलाल शर्मा लेख्नु हुन्छ की हरेक देवाली गुठीको भोजमा बलि दिइएको बोकाको टाउकोलाई आठ भाग र खुरहरू पनि यसै प्रकार भाग लगाएर दिने चलन छ। यसरी बोकाको टाउकोलाई भाग लगाउँदा कानका दुइ टुक्रा, तल्लो बंगाराका दुइ टुक्रा, आँखाका दुइ टुक्रा, नाक र जिभ्रो एक एक टुक्रा गरेर भाग लगाइन्छ र त्यो समेत मिलाएर बाँडिन्छ। (१०) यस्तै कुरा श्री नगेन्द्र शर्मालि र गोपाल सिंह नेपालीले पनि उल्लेख गर्नु भएको छ तर खुरको वारेमा भने उल्लेख गर्नु भएको छैन। (११)

उल्लिखित कुराहरूमा नेपालका सम्पूर्ण नेवारी समाजमा एकरूपता पाइन्छ पाईं-दैन भन्ने कुरामा स्पष्ट रूपमा उल्लेख भएको छैन। त्यसकारण यसलाई विस्तृत रूपमा केलाएर हेर्न सकेमा मात्र जातीय संस्कृतिको महत्व बुझ्न सकिन्छ। यसै परिप्रेच्छमा मैले नेवारहरूकै शब्दमा "अछूत जात" (पोडे, च्यामे, हलाहुलु आदि) भित्र बाहेक नेवारी भाषा बोल्ने अरू नेवार जातिमा "सीं का भ्वय्" कसरी गरिन्छ विषयलाई लिएर साधारण रूपबाट अध्ययन गरेको छु।

---

७. जनकलाल शर्मा, "नेपालको नेवारी समाज," मधुपर्क, वर्ष १४, अंक ८, (२०३८), पृ.१५२-१५३

८. **Gerard Toffin, "Newar Jatile Manaune Sika Bhoe,"** *Kailash* **Vol. IV, No. 4, (1976), p. 332.**

९. *Ibid.*

१०. जनकलाल शर्मा. पूर्ववत, नं. ७ पृ. १५२-१५३.

११. नगेन्द्र शर्मा, नेपाली जनजीवन (दार्जलिङ्ग: अचला भगवती प्रकाशन, जनवरी १९७६), पृ. ६८-६९.

राङो, बोका, अथवा थुम्मा र कुखुराको भाले अथवा हाँस बलि दिंदा "सी का भ्वय्" हुन्छ तर कसाहीं समाजमा सुंगुर बलि दिंदा 'सी' बाँड्ने चलन पाईदैन । **'सी'** बाँड्ने प्रकृयामा केवल थकाली लगाएत जेठा गुठीयार अर्थात आठ जना नभएमा पाँच जना सम्मले पाउँ-छन् । (१२) तर देवताको मन्दिरमा कहिलेकाहीं अथवा ठूला ठूला अवशरमा बलि दिंदा संकल्प गरिने प्रकृया पनि नपाइने होइन । त्यस किसिमको संकल्पमा हिन्दु नेवांरहरूले आचाज्जूलाई लगाउँछन् भने वौध्द नेवांरहरूले गुभाजुलाई लगाउँदछन् ।

यदि आचज्यू अथवा गुभाजु द्वारा बलिका संकल्प गराइएको छ भने त्यस स्थितिमा आठ भागमध्ये एक भाग संकल्प कर्तालाई पनि दिइने चलन छ । प्राय यस किसिमको कार्य देवाली पूजाको अबसरमा र महा अंष्टमीको पूजाको अवसरमा गराइन्छ । सो अवस्थामा 'सी' आठ भाग नलगाई केवल सात भाग मात्र लगाइन्छ । तर आचाज्यू र गुभाजुद्वारा संकल्प नगरिएको वेलामा उल्लिखित दुइ व्यक्तिलाई 'सीं' बाँड्नु पर्दैन । अझ कुस्लेहरूको आचाज्यू र गुभाजु दुवै पुरोहित नहुने हुँदा यो थरमा 'सी' तिनीहरूलाई वाड्नु पर्ने देखिदैंन । उनीहरूको चलन अनुसार बलिको संकल्प मुख्य थकालीले गर्ने हुँदा त्यस स्थितिमा गुभाजु र आचाज्यूले पाउने 'सी' सो मुख्य थकालीलाई नै दिइन्छ ।

'सी' लिने क्रममा टोफिनले उल्लेख गर्नु भए अनुसार थकालीले दाहिने थुतुनो, नोकुले देब्रे थुतुनो सोकुले दाहिने आँखा प्येकुले देब्रे आँखा, ङाकुले दाहिने कान खुकुले देब्रे कान, न्हेकुले तल्लो दाहिने वंगारो र च्याकुले, तल्लो देब्रे वंगारो पाउँदछन् । (१३) नेपालीको भनाइमा पुरोहितलाई नाक अथवा वंगारो (Snout) दिइन्छ र न्हेकुलाई जिब्रो दिइन्छ ।(१४) तर टोखा गाउँबाट थाहा भए अनुसार **थकालीले** दाहिने आँखा, **नोकु** (दोस्रो) ले देब्रे आँखा, सोकु (तेस्रो) ले दाहिने कान' **प्येकु** (चौथो) ले देब्रे कान, ङाकु (पाँचौ) ले थुतुनो, **खुकु** (छैठौ) ले जिब्रो, **न्हेकु** (सातौं) ले दाहिने वंगारा, र **च्याकु** (आठौं) ले देब्रे वंगारा पाउने कुरा न टोफिनको भनाइ संग मिल्छ न त जनकलाल शर्मा र नेपालीको भनाइ संग नै । उल्लिखित कुराहरू केवल चार खुट्टेलाई बलि दिनमा मात्र सम्भव हुने कुरो हो। जुन कुरा चित्र नं. (१) मा देखाइएको छ ।

यदि कुखुराको भाले अथवा हाँस बलि दिएमा 'सी' कसरी र कसलाई बाँडिन्छ भन्ने कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ । यस स्थितिमा 'सी' बाँड्दा एउटा सिङ्गै टाउको

१२. **Gerard Toffin,** *op. cit.* **no. 5, pp. 330-331.**

१३. *Ibid.*

१४. **Gopal Singh Nepali,** *op. cit.*, **p. 395.**



(चित्र नं. १.)

थकालीलाई दिने चलन टोखाको नेवार समाजमा पाइन्छ । तर सोही ठाउँको कसाहीहरू र टुपेक, टुसाल, गाम्चा र मनमैजुका अन्य थरका नेवार समाजमा दुइ खुट्टे बलि दिए पछि टोखाको जस्तो 'टाउको' मात्र 'सी' को रूपमा नबाँडी, टाउको थकालीलाई, दायाँ पखेटा नोकुको लागि, वायाँ पखेटा सोकुको लागि, दाँया खुट्टा प्यकुको लागि, र वायाँ खुट्टा ङाकुको लागि 'सी' को रूपमा बाँडिन्छ । टोखाको श्रेष्ठहरूको चलन अनुसार दुइ खुट्टे बलि दिए पछि दायाँ पखेंटा र दायाँ खुट्टा देवताको थानमानै चढाउँदछन् । कुखुराको भाग चित्र नं. (२) मा देखाइएको छ । कसाहीहरूको भनाइ अनुसार 'सी का भ्वय्' मा पुरोहितका आवश्यकता पर्दैन ।

नेवारहरू जीवलाई बलि दिंदा भगवतीको मन्दिरमा, गन दयो (गणेशको मन्दिरमा) नाशः दयो (नाचको देवताको मन्दिरमा) तथा भैरवको मन्दिरमा दिन्छन् । उनीहरूको चलन अनुसार पञ्च बलि दिएमा पनि नियम अनुसार 'सी' खप्टिएर बाँडिन्छ । तर जहाँ सम्म 'सी' आठ जनामा बाँढिने कुरा छ त्यसमा आठ जनाको सट्टा तीन जना देखि सात जनासम्म पनि हुन नसक्ने होइन । यस परिस्थितिमा 'सी' कसरी बाँडिन्छ भन्ने कुरा उठ्न सक्छ । यदि फुकी (दाजुभाइ खलक) कम हुन गएको अवस्थामा सर्व प्रथम त मान्यता क्रमको हिसावमा 'सी' बाँडिन्छ र साथै मान्यता क्रम सकिए पछि सी' बढ्ता हुन गएमा



कुखुरा
(चित्र . नं २.)

थकालीको छोराको क्रमबाट आउँछ । उदारणको रूपमा तीन जना फुकी छ र मान्यता क्रममा तीन भाग 'सी' बाँडियो र बाँकी पाँच भाग 'सी' कस्लाई बाँड्ने भन्ने समस्या देखा पर्दा थकालीको छोराहरू छन भने त्यस अनुरूप बाँडिन्छ तर थकालीको छोरा छैनन् र नोकुको छोराहरू छन भने मान्यताक्रमको आधारमा उनीहरूले पाउँछन् । जेहोस नेवार स्त्रीलाई न त 'सी का भ्वय्' मा नै सामावेस गराइन्छ नत फुकी पुरा छैनन् भनेर उनीहरूलाई सी नै बाँडिन्छ । शालमी र कसाही समाजमा भने फुकीको संख्यामा कम्ति हुन गएमा सकभर थकाली देखि छोराहरू हेरिन्छ र यदि नभएमा छोरीहरू छन भने मान्यताक्रममा 'सी' उनीहरूलाई पनि बाँडिने चलन टोखामा पाइन्छ । यदि कुनै आइमाई गुठीको सदस्य भएकी छे भने उसलाई पनि 'सी' बाँडिने कुरा नसुनेको होइन । मनमैजुका ज्यापुहरूले संकलपकर्तालाई जिब्रो दिने चलन छ भने टोखाका नेवारहरूले थुतुनो दिने गर्दछन् ।

चालचलन तथा परम्पराको आधारमा नेवार समाजको यो भोजलाई ज्यादै महत्वपूर्ण मान्न सकिन्छ किनभने जहिले र जुनसुकै अवस्थामा बलि दिए पनि बलि दिने व्यक्तिले चाहे गुठीयारहरूकोलागि हाँस या फुकीकोलागि सो "सी का भ्वय्" को आयोजना गर्नु नै पर्छ । यसरी भोजको आयोजना गरे पछि सो भोजमा 'सी' प्राप्त गर्ने जेठा सदस्यहरू

आउनै पर्छ । यदि कुनै सदस्य आउन सकेन या रिसईबी भएको कारणले गर्दा आएन भने अर्को पल्ट देखि विवाह, व्रतवन्ध काज – क्रिया, पिण्डोदान आदि कुनै कार्यमा पनि सम्मिलित गराईदैन । (१५) तर धेरै जसो मानिसहरू यी भोजमा सामेल हुन्छन् र आफ्नो दाजु भाईको बीच सौहार्दपूर्ण वातावरण श्रृजना गर्छन् । यसवेलामा एकलाई अर्कोको आवश्यकता परेको महसूस हुन्छ । तर फुकीका पत्नीहरूले पनि यस्तो भोजमा सामेल हुन पाएको भए मेलमिलापको दृष्टिकोणमा साँच्चै अतुलनिय उदारणको रूपमा यो समाजलाई लिन सकिन्थ्यो । तर फुकीको मेलमिलाप भए तापनि पत्नीहरूको बीचमा यदि झैंझगडा भएको छ भने यस जमघटवाट सोही अवस्थाको श्रृजना हुने सम्भव हुन्थ्यो ।

जहाँसम्म यो भोजको कुरा छ यसमा सर्वप्रथमत केही ब्यक्ति खपँन बोक्दै, कोही वोका, थुम्मा या केहीलाई डोऱ्याउँदै र अरूहरू अघि पछि लाग्दै देवताको मन्दिर तिर लाग्छन् । यदि सो पूजा भाकलको हो भने भाकल गर्ने मानिस चाहे पुरूष होस या महिला कुनै पनि जान सकिन्छ ।

देवताको मन्दिरमा पुगे पछि सवभन्दा पहिला पूजाको सुरूवातमा फुल, रोटी (मासको वारा), थ्वों (जाँड), ऐला (रक्सी), छोयलावजी (छोयला र चिउरा), दही, फूल, दुध, वत्ती, अबीर, अक्षेता आदिबाट देवताको पूजा गरिन्छ । देबताको पूजा सकिए पछि बलि दिइने जीबलाई पूजा गरी पर्साउने काम हुन्छ । त्यस अबस्थामा आफ्ना फुकीहरू पनि सामेल छन् भने उनीहरूलाई समेत अक्षेता चढाउन लगाइन्छ अथवा भाकल मात्र पुरा गर्न लगिएको छ भने भाकल गर्ने मानिसले अक्षेता चढाउँदछन् । त्यस पछि पर्साइएको प्राणीलाई बलि दिइन्छ । बलि दिइसके पछि टाउको पट्टिको रगतबाट र कालो पालामा वालिएको बत्तीको धुवाँबाट उक्त स्थलमा विद्यमोन प्रत्यक ब्यक्तिले टीका लगाउँदछन् । सो टीकालाई **मोहनी** भनिन्छ । साधारणतया **मोहनी** माथि राता पहेंला टीका पनि लगाएको देखिन्छ ।

यति भइसकपछि सबैले आफ्नो हत्केलामा दुध र छोयला राखी प्रसादको रूपमा

---

१५. यसबारेमा टोखाको एकजना क नामको व्यक्ति थकाली रहेछ र उनको चार भाइहरू पनि रहेछन् । काईंलो भाइसंग उसको नराम्रो झगडा भएछ । यसै क्रममा काईंलो भाइले बलि पूजाको आयोजना गरेछ र 'सी' वाँड्ने क्रममा टाउको थकालीको घरमा पुराउन पठाएछ । 'सी' स्वीकार गर्नुको सट्टा थकालीले उक्त टाउको फिर्ता नै पठाएछ । तर काईंलोले सो टाउको नखाइकन घरमा राखेको एक महिना भएको थियो । किन कुईंदैन भनी सोध्दा "कुइए थकालीको टाउको कुइन्छ मलाई के हुन्छ ?" भनी जवाफ दियो ।

खान्छन् । त्यसपछि ऐला र अनि थ्वों पनि पिउँदछन् । यसै क्रममा साधारण खाना खाने काम शुरु हुन्छ । यो खाना खाने प्रकृयालाई उनीहरू **'समाय भ्वय्'** अथवा "समाय" पनि भन्दछन् । चलन अनुसार 'समाय भ्वय्' मा प्रसस्त खाना खान दिई दैन । प्राय दुई बुई मुठी चिउरा, छोयला, अदुवा, भट्मास, सीद्रा अथवा माछा अलि अलि राखी खान दिइन्छ या ख्वाइन्छ । वास्तवमा यो 'भ्वय्' आधुनिक 'पिकनिक' (वनभोज) को दिनमा मुख्य खाना खानु अगाडि ख्वाइने या खाइने साधारण 'ब्रेकफास्ट' (विहानको खाना) जस्तै देखिन्छ । सगुनको रूपमा दहीलाई खुबै महत्वपूर्ण खाना मानिन्छ ।

'समाय भ्वय्' सकिए पछि अनि 'सी का भ्वय्' सुरू हुन्छ । तर 'सी का भ्वय्' देवताको मन्दिर स्थल नजिकै हुनु पर्छ भन्ने कुनै अनिवार्यता छैन । कहिलेकाहीं सो भोज घरमा पनि गरेको नपाइने होइन । जेहोस यस भोजमा सबै फुकीहरू जम्मा भइ थकाली पछि क्रमसः मान्यताक्रमको आधारमा खान बस्छन् । खाना बाँड्ने सदस्य कान्छो हुदछ । सबैलाई **लपेश** बाँडी त्यसमा धेरै चिउरा राखी त्यसको वरिपरी अनिवार्य रूपले आठ प्रकारका चिजबिजहरूले घेरिन्छ । विशेषगरी ती खानाहरूमा साग, मस्याङ, बोडी, केराउ, सिमी, मासु, मासको बारा, मुलाको चाना त्यस पछि **खेंपी र चेंपी** नामक फर्सीका टुक्राहरू पनि राख्तछन् । यस सम्बन्धमा कसैले आठको सट्टा बाह्र या सोह्र प्रकार सम्म पनि राख्छन । जेहोस चलनमा आठ प्रकार नै छ र त्यो राख्नाको उद्येश्य अष्टमङ्गलकोलागि हो भनिन्छ ।

खाना खाइसके पछि **शिसवसु** (सुन्तला, केराउ, उखु, शखर, दही.) बाँडिन्छ र त्यो पनि खाइसके पछि मान्यताक्रमको आधारमा 'सी' बाँड्ने काम सुरु हुन्छ । 'सी' पाउने प्रत्येक सदस्यले विवाहित छोरीबेटीबाट ल्याएको फुलहरूमा एक एकवटा खान पाउँछन् । खाना खाने क्रममा 'सी' पनि बाँडिसके पछि कान्छो अथवा जसले देब्रे वंगारा पाउँछ उसले सबैको **लप्टे** (लपेश), हाडहरू, सिन्का र बत्ती बाली फाल्न लैजानु पर्छ तर यो चलन प्याङ गाउँको चलन संग मिल्दैन । जिब्रोमा हड्डी नभएको हुँदा सो को सट्टा सिन्का राखिएको हो भनी टोखाको नेवारहरू भन्दछन् । उल्लिखित बस्तुहरू फाल्नुको उद्येश्य जीब्र दान गरेको हो भन्ने कुरा बताउँछन् । यसरी 'सी का भ्वय्' अन्त हुन्छ र बचेका खानाहरू र बाँकी मासुहरू आफ्ना घरका परिवारहरू खाने गर्दछन् । (१६)

---

१६. **Gerard Toffin**, *op. cit.*, **no. 5**, **उहाँले प्याङ गाउँमा देख्नु भएको 'सी का भ्वय्' को वर्णन गर्दै लेख्नु भए अनुसार "वेलुकीतिर यस भोजका जमातका ठिटाहरुले गाउँको प्रवेशद्वारमा एउटा डोरी टाँग्छन् र बाँकी बोकाको मासुलाई ४४ भाग लगाउँछन् ।"**

'सी का भ्वय्' सम्बन्धिको कुरालाई लिंदा, सन् १८९९ मा मार्सेले बयान गरेको बलि सम्बन्धि सामान्य सिद्धान्त चर्चा, जस्तै बलि चढाउने कार्यमा मानिसको यस माध्यमद्वारा यो संसारबाट अर्को संसारमा आवागमन र सम्पर्क गर्ने इच्छा प्रकट हुने, बलि तयारीको वातावरण बलिको किसिम र काट्ने वेलामा गरेको त्यसको श्रृगांर सर – सामग्रीहरूको विधान बोका पोलेको, चोखो आगोमा बलिको मासु पाकेको, बलि भाग लगाएको, सामुदायिक भोज खाएको र अन्तमा अर्को संसारबाट पुनः यस संसारमा फर्कन गरिने विधीको वर्णनसंग मेल खान आउँछ । यस पद्धति अनुसार 'सी का भ्वय्' एउटा सामुदायिक भोज खाने अवसर हो र यस भोजमा बलिको कार्य एउटा अत्यन्त महत्वपूर्ण अँग हो भन्ने देखिन आउँछ, किनभने यतिखेर यस सिद्धान्त अनुसार मानिसको र देवताको संसार नछुट्टिनेगरी मिलेको हुन्छ । (१७)

जेहोस यस समाजमा 'सी का भ्वय्' ले निकै राम्रो भूमिका खेलेको पाइन्छ । किन र कुन परिस्थितिमा टाउकोको विभिन्न भागलाई 'सी' को रूपमा बाँडिन थालियो या ती भागहरू 'सी' को रूपमा बांडिनाका कारणहरू के के हुन् भन्ने कुरामा दार्शनिक पक्षलाई लिइ गहिरो अध्यन गर्नु जरुरी छ ।

१७. *Ibid.*, p. 331.

राजगढको युद्ध र सुब्बा प्रल्हाद गुरूङ्ग

-जगमान गुरुङ्ग

श्री ५ महाराजाधिराज गीर्वाणयुद्ध विक्रम शाहको समय वि.सं. १८६०मा पुनः गढवाल विजय गर्ने अभियान प्रारम्भ भयो र काजी अमरसिंह थापा, कौसलिया सुब्बा हस्तदल शाही, काजी रणधीर बस्नेत, सर्दार भक्ति थापा, सर्दार रणजीत कुँवर र सर्दार अंगद घले दल-मुखी भई कुमाउँमा सामेल भए।(१) मन्दाकिनी, खेडाघाट, घामागढी आदिको युद्ध जितेर सबै सैनिक श्री नगरमा आई बसेका थिए। त्यसै बीच वि. सं. १८६२ मा राजा र मुख्तियार भीमसेन थापाले काँगडाको किल्लामा पनि आक्रमण गर्ने निश्चय गरेकोले काजी अमरसिंह थापा को मद्दतको लागि काठमाडौंबाट काजी नयनसिंह थापा, काजी जसपाउ थापा, सर्दार भोटु, सुब्बा तोरध्वज शाही, सुब्बा प्रल्हाद गुरूङ्ग र सुब्बा नाथु गुरूङ्ग दलबल सहित काँगडा तर्फ खटिए।(२)

काँगडा जानु भन्दा अघि नयन सिंह थापा केही काम काज सिक्नको लागि पाल्पा गएका थिए। वि.सं. १८६२ को श्रावणमा नयनसिंह थापालाई काठमाडौं आउनु भन्ने आदेश भयो।(३) काठमाडौं आएपछि वि.सं. १८६२ को असोजमा नयनसिंह थापालाई काजी अमरसिंह थापा सरह काँगडा र १२ कम्पनिको तैनाथी दिई काँगडा पठाएको थियो।(४) जिल्ला जिल्लाका अमालीदार, तलप्या, वितलप्या, विर्तावार, ढाक्रे, छाप, छ्याली र

१. रमेशजङ्ग थापा (सं),"नेपाल देशको इतिहास," प्राचीन नेपाल, संख्या २४, (वि. सं. २०३०) :पृ. ११
२. मालपोत विभाग, लगत शाखामा भएको पोका नं. ४, वहि नं. १६, पृ. २४०, संख्या १०२३ को पत्र
३. त्यही, पो. नं. ४, ब. नं. १६, पृ. १३, सं. ५७
४. त्यही, पो. नं. ४ ब. नं. १६, पृ. २१६, सं. ९२२

सिपाही लाई काजी नयनसिंह थापाका साथ सामेल भै वि. सं. १८६२ को असौज भरमा गढवाल पुग्नु भन्ने आदेश भएको थियो ।(५)

यसै गरी जिल्ला जिल्लाका गुरूङ्गहरूलाई घरै पिच्छे एक एक जना काँगडाको युद्धको लागि काजी नयनसिंह थापाको साथ गढवाल जानु भन्ने आदेश भएको थियों । काँगडाको युद्धमा गएका र नगएकागुरूङ्गहरू माथी कडा निगरानी राखेको थियो । गढवाल गएका गुरूङ्ग जतिलाई रूद्रवीर शाहीले एक एक जाँचेर प्रमाणित गरिदिएको हुन्थ्यो । गढवाल पुगेर सुब्बा रूद्रबीर शाहीबाट प्रमाणपत्र लिई काँगडा नगएर छली घर फर्कने गुरूङ्गहरूलाई नेल हाल्नु र सवालमा लेखेको भन्दा दोब्बर दण्ड गर्नु भन्ने आदेश भएको थियो । तर काँगडाको युद्धमा गएका गुरूङ्ग हरुलाई भने दण्ड (सलामी) माफ गरिदिएको थियो । (६) दण्ड (सलामी) माफ गरिदिनुका साथै आ-आफुले खाई पाई आएको बिर्ता पनि थमौति गरि दिएको थियो। (७) यसरी काँगडाको युद्धमा गुरूङ्गहरूले अनिवार्य रूपमा भाग लिएको थियो ।

सुब्बा प्रल्हाद गुरूङ्ग र नाथु गुरूङ्गलाई ४ कम्पनि र सुखेतको तैनाथी दिएर काँगडा पठाएको थियो ।(८) वि . सं १८४७ मा नाथु गुरूङ्गले कास्कीको पुरानु रिभान बिर्ता पाएका थिए ।(९) यिनका पिता जिवा गुरूङ्ग वि . सं . १८५१ ताका बारूदखानाका डिट्ठा थिए ।(१०) बि . सं . १८४७ मा प्रल्हाद गुरूङ्गका पिता घने गुरूङ्गले कास्कीको चौर भरार्भार बिर्ता पाएका थिए ।(११) बि. सं. १८५१ मा घने गुरूङ्गको बिर्ता उनको छोरा प्रल्हाद गुरूङ्गको नाममा थामिएको थियो। (१२) प्रल्हाद गुरूङ्ग र नाथु गुरूङ्गले वि॰ सं. १८६२ मा सुब्बाङ्गी पाएका थिए तापनि वि. सं. १८६१ ताकानै यिनीहरू जागिरे भई सकेका थिए ।(१३।

---

५. त्यही, पो. नं. ४, व.नं. १९, पृ. ११०, सं. ४१४
६ त्यही, पो. नं .४, व.नं. १९, पृ. २०७, सं. ८४८, ८४९
७. त्यही, पो. नं. ४, व.नं. १९, पृ. २०९, सं. ८६३
८ त्यही, पो. नं. ४ व.नं. १९, पृ. २१७, सं. ९१४
९. त्यही, पो. नं. १, ब. नं.१, पृ. ३८, सं. २३१
१०. त्यही, पो. नं. २, ब. नं. ७, पृ. ५२, सं. ३५९
११. त्यही, पो. नं. १, व.नं. १, पृ.३७, सं. २१७
१२ त्यही, पो. नं. २, व॰ नं, ८, पृ. १३, सं. १०३
१३. त्यही, पो. नं. ४, ब. नं. १९ पृ. २०१, सं. ८६९

काजी अमरसिंह थापाको साथमा रहेर काँगडाको युद्धमा सहयोग गर्नकोलागि हिरा गुरूङ्गले केसौ लामाले खाएको जग्गा बिर्ता पाएका थिए।(१४ सुबेदार बिरू गुरूङ्गले सार्दी र बामन लुवाङ्को २ खेत माना चामल पाएका थिए।(१५) बि. सं. १८७२मा सुबेदार हिरा गुरूङ्ग र बिरू गुरूङ्ग काठमाडौंबाट २८ थान बाजा जिम्मा लिई नाहानका शासक काजी रणजोर थापा कहाँ गएका थिए। (१३)

काँगडाको युद्धमा जाँदा काशीराम गुरूङ्गले कास्कीको घल्याल बिर्ता पाएका थिए। बि.सं. १८६३ मा अकवर गुरूङ्गले काशीराम गुरूङ्गको घल्याल छाप बिर्ता पाए। बि. सं. १८६४ मा पुन: काशीराम गुरूङ्गको नाममा घल्यालको छाप थमौति भयो।(१७) बि. सं. १८७१ ताका अकवर गुरूङ्ग जमदार थिए र काजी अमरसिंह थापाका साथ अर्किमा बसेका थिए।(१८) काशीराम गुरूङले घल्यालको अतिरिक्त कास्की लामडाँडाको २ खेत पर्गि काँगडाको सुरक्षामा रहुन्जेलको लागि माना चामल पाएका थिए।(१९) पछि अरिदमन कम्पनीका जमदार खाँगे गुरूङ्गले कास्की लामडाँडाको जग्गा बिर्ता पाए।(२०) यसै गरी काँगडा जाने कबोल गर्दा भुजवल गुरूङ्गले भुर्जुङकोट बिर्ता पाएका थिए। (२१)

सुब्बा प्रल्हाद गुरूङ्गको मातहतका ४ कम्पनिका सुबेदारहरू बहादुर गुरूङ्ग, कालु गुरूङ्ग, बिराज गुरूङ्ग र चन्द्रमणि गुरूङ्ग थिए। यी सुबेदारहरूले २।२ खेत माना चामल पाएका थिए।(२२) सुबेदार बहादुर गुरूङ्गले थाक ठेनिको २५०।– रूपैया तनखा पाएका थिए।(२३) सु-

१४. त्यही, पो. नं. ६, व. नं. २६, पृ. ८३, सं. ४४६
१५. त्यही, पो. नं. ४, व. नं. १७, पृ. ५८, सं. २२५
१६ सुबेदार हिरा गुरूङ्गका बंशज कास्की रिभान निबासी श्री डिल बहादुर गुरूङ्गको घरमा भएको पत्र
१७. मालपोत बिभाग, उही, पो. नं. ६, व. नं. २६, पृ. २०, सं. ७०
१८. योगी नरहरिनाथ, (सं.) इतिहास प्रकाशमा सन्धि पत्र संग्रह, भाग १ (काठमाण्डौं: इतिहास प्रकास संघ, बि सं २०२२), पृ. २९
१९. मालपोत बिभाग, उही, पो. नं ६, व. नं. २६, पृ. ४४, सं. १९६
२०. शङ्कर मान राजवंशी (सं.), शाहकालीन ऐतिहासिक चिट्ठी पत्र संग्रह, भाग १, (काठमाडौं: बीर पुस्तकालय, बि. सं. २०२३), पृ १६१
२१ मालपोत बिभाग, उही, पो. नं. ११, व. नं ४२, पृ. १७७, सं. ९४४
२२. त्यही, पो. नं. ४, व. नं. १९, पृ. २१३, सं. ८९१
२३ त्यही, पो. नं. ४, व. नं. १९, पृ. २१६, सं. ९०५

बेदार कालु गुरूङ्गले भेडी गोठ राख्नको लागि बुंगा वाँक्र्या भन्ने लेक खरक पाएका थिए।(२४) नाथु गुरूङ्गको मृत्यु पछि कालु गुरूङ्गको नाउमा नाथु गुरूङ्गको विर्ता थामिएको थियो। (२५) सुवेदार विराज गुरूङ्गले खाँदजुंङको थपना विर्ता पाएका थिए। (२६) सुवेदार चन्द्रमणि, गुरूङ्गले खडका गाउँको तोरिबारी विर्ता पाएका थिए। (२७)

काँगडा विजय गर्ने नेपालीहरूको अभियान यथावत चालु थियो। यस्का लागि काँगडाको यथार्थ वस्तुस्थिति बुझ्नु पर्ने आवश्यक भयो। केसौ गुरूङ्गले काँगडाको नक्सा वनाई श्री ५का हजूरमा चढाएर यस समस्या लाई सजिलो पारि दिए। यस वापत केसौ गुरूङ्गले रू. ३२५।– थप वालि खर्च पाए। (२८)

वि. सं. १८७० मा सीखसंग भएको भटौली मंडला र रोरौं टिप्पा आदिको युद्धमा शत्रु लाई परास्त गर्न सुवेदार बहादुर गुरूङ्गको महत्वपूर्ण योगदान थियो। यस सिलसिलामा सुवे– दार बहादुर गुरूङ्गले तालको वैराठ टिप्पा, सिंगोल टिप्पा आदि स्थानमा मोर्चा वाँधी बसेका थिए। सुवेदार बहादुर गुरूङ्गका अतिरिक्त यस युद्धमा जमदार धनवर गुरूङ्ग, जमदार शा दल गुरूङ्ग र संसेर जंगका सिपाही बासु गुरूङ्गको पनि भूमिका रहेको थियो(२९)

वि. सं. १८७१ मा काली कुमाउँबाट अंग्रेज सर्दार ह्याँसीलाई पक्रेर सुब्बा हस्तदल शाही कुमाउँमा चौतारिया बम शाहसंग सामेल हुन आए पछि अंग्रेजले कटारको बाटो बाट गणनाथको टिप्पामा आक्रमण गरे। चौतारिया बम शाहले गणनाथको सुरक्षाको लागि सुब्बा हस्तदल शाही लाई पठाएका थिए तर बाटैमा अंग्रेज सैन्यसंग मुठभेट भई ठूलो लडाई हुंदा सुब्बा हस्तदल शाही त्यस युद्धमा परे। त्यही वेला सर्दार भक्ति थापा र सुब्बा प्रल्हाद गुरूङ्ग सुर्य गढको सुरक्षामा थिए। उनीहरूले लोहारभन्ज्याङमा आ–आफ्ना मातहतका एक एक कम्पनि राखेर सुरक्षाको राम्रो प्रबन्ध मिलाएका थिए। (३०)

---

२४. त्यही, पो. नं. ४, ब. नं. १९. पृ. २१२, सं ८८५

२५ त्यही, पो. नं. १५, व. नं. ५४, पृ. १२८, सं, ६४८

२६. त्यही, पो. नं. १४, व. नं. १९, पृ. २१२, सं. ८८३

२७. त्यही, पो. नं. ४, व. नं. १९, पृ. २१२, सं. ८८५

२८. योगी नरहरी नाथ (सं), इतिहाश प्रकाश, अङ्क १, (काठमाण्डौः इतिहास प्रकाश मण्डल, बि. सं. २०१२), पृ. ५०

२९. महेश राज पन्त, "बीर भक्ति थापा" पूर्णिमा, बर्ष ६, अङ्क १, (बि. सं. २०२६), पृ. ३०

३०. थापा, उही, नं (१), पृ. १८

अंग्रेजसंगको यस युद्धमा नेपाली सैन्यमा शौर्यता र बीरताको ज्वलन्त उदाहरण पाइन्थ्यो तापनि चतुर अंग्रेजको कूटनीति पूर्ण व्याावहारले गर्दा बिजित प्रान्तका जनताहरू नेपालीका बिरोधि बन्दैगए । त्यसको फलस्वरुप नालागढ ,रामगढ, देउथल आदि मूख्य किल्लाहरुबाट नेपालीको अधिकार छुटदै गयो । तैपनि नेपालीहरू कत्ति पनि हतोत्साही नबनी ती किल्लाहरूमा पुनः अधिपत्य जमाउन प्रयत्नशील थिए । यसै सन्दर्भमा राजगढको युद्धमा सुब्बा प्रल्हाद गुरूङ्गले बीरगति प्राप्त गरे ।

श्री ललितजंग सिजापतिद्वारा प्रस्तुत राजगढ युद्धको बर्णनको सारांश यस प्रकार छ –

" ... ... शतरुद्राका वायाँ किनारामा पूर्व पश्चिम लम्वाई भएका तीन पहाड छन् । तिनमा दक्षिण पट्टिको पहाडमा नालागढ , माझका पहाडमा रामगढ र उत्तर तिरको मलाउ भन्ने पहाडमा राजगढ थियो । यी नेपालीका मुख्य गढीहरू थिए ।

कप्तान बलभद्र कुंवरले नालापानी छोडने बखतमा अक्टरलोनि रामगढ दखल गर्ने उद्योगमा थिए । बि. सं. १८७१ मार्ग ५ गते अक्टरलोनिले कर्नेल टाम्सनलाई रामगढमा आक्रमण गर्न पठाए । उनले बि. सं .१८७१ मार्ग १६ गते हमला गरे तर जित्न सकेनन् । त्यस पछि उनले त्यस प्रान्तका जनतालाई भडकाउन थाले । रामशरण, महचन्द्र र बाह्रठाकुराईका नायक समेत अंग्रेजसंग मिल्न जाँदा गढीका आसपासका जनता सबै नेपालीका विद्रोही भए । यसबाट नेपालीहरूको बल घटन गयो । त्यस कारण काजी अमरसिंह थापाले राजगढलाई नै बलियो बनाउन अरू गढीका सेनालाई राजगढमा जम्मा हुन लगाई आफु पनि रामगढबाट त्यही गए । जनतालाई नेपालीहरूका बिरूद्ध भडकाई सके पछि अंग्रेजले रामगढ दखल गरे । त्यसपछि अक्टरलोनिले मलाउका गढीहरूमा आक्रमण गर्न शुरु गरे । बि . नं . १८७१ को चैत्र २१ गते अंग्रेजले सूर्य गढमा घेरा हाले । सूय गढ र राज गढका टिप्पाहरूमा नेपालीहरूले आड बनाई बसेका थिए । बि. सं १८७२ बैशाख ४ गते अक्टरलोनिले रैला र देउथलमा आक्रमण गर्न पठाए । ती दुबै ठाउँ अंग्रेजको कब्जामा परे । त्यस पछि कप्तान बावर राजगढका पछाडी र कप्तान शावेस अगाडिका छाउनीमा पुगे । राजगढबाट नेपाली सैनिकहरू निस्केर दिन भर अंग्रेजसंग लडे । रात परेपछि नेपालीहरु राजगढमा घुसे ।

देउथलमा अंग्रेजले मोर्चा जमाएपछि त्यहाँ बाट राजगढ सम्म तोपको गोला पुग्ने हुनाले नेपालीहरुलाई राजगढमा टिक्न गाह्रो भएको थियो । त्यस कारण काजी अमरसिंह थापाले बि. सं. १८७२ बैशाख ५ गतेका राति देउथलमा आक्रमण गर्ने निधो गरे । राजगढबाट वेहितल ओर्लेर देउथलमा चढनु पर्दथ्यो । जुनेली रातमा नेपाली सैनिकहरुले अंग्रेजसंग खुब डटेर लडेका थिए तर सर्दार भक्ति थापा प्रभृति धेरै सैनिकहरु त्यस युद्धमा परेकोले बाँकी बचेका सैनिकलाई समेटेर अमरसिंह थापा राजगढमा नै फर्के।

बि. सं. १८७२ वैशाख ६ गते अंग्रेजले नारायणगढ दख्खल गरे। त्यसपछि सूर्यगढ पनि बचाउन नसकिने देखी त्यहाँका नेपाली सैनिकहरू राजगढमा सामेल भए। त्यसैदिन अंग्रेजले राजगढ पनि घेरे। नेपाली सैनिकमा अफिसरमा भर्ना भएका त्यहाँका बासिन्दाहरुले आत्म-सर्मपण गरिदिंदा नेपालीहरुको धेरै वल घट्यो। त्यस पछि काजी अमरसिंह थापासंग केवल खास नेपाली २०० जवान सैनिक मात्र बाँकी रहे.........."(३१)

उपरोक्त बर्णनमा सुब्बा प्रल्हाद गुरूङ्गको स्पष्ट उल्लेख छैन तर उनका छोरा सुबेदार जय मंगल गुरूङ्गको बिन्ती पत्रमा उनको बाबु प्रल्हाद गुरूङ्ग राजगढका लडाईमा परेको उल्लेख भएको र जयमंगल गुरूङ्ग पनि काजी अमरसिंह थापाका साथ काँगडामा बसेकोले उनको बिन्ति गराई विश्वासनीय छ।(३२)

राजगढको युद्धमा सुब्बा प्रल्हाद गुरूङ्गको मृत्यु भएपछि उनका साहिला भाई दलपति गुरूङ्गले सुब्बा प्रल्हाद गुरूङ्गको नगरा निशान लिई श्री ५का हजूरमा जाहेर गर्दा नगरा निशान को गुठी र प्रल्हाद गुरूङ्गको मरवट बापत कास्की लामा चौरमा २।४० खेत पाए। वि. सं १८९९ ताका दलपति गुरुङ्ग कुम्भेदान थिए।(३३) बि. सं. १८९४मा प्रल्हाद गुरूङ्गको नगरा निशानको गुठी र मरवट झिकिदिए। भीमसेन थापाको पतन पछि उनी स्वयंको र उनले दिए का सबै वेष मरवट आदि जवद भएको थियो।(३४) त्यही वेला प्रल्हाद गुरूङ्गको नगरा निशान को गुठी र मरवट पनि झिकिदिएको देखिन्छ। वि. सं. १९१९मा प्रल्हाद गुरूङ्गका छोरा सुबे-दार जयमंगल गुरूङ्गले श्री ३ महाराज जंग बहादुर राणालाई सबै ब्याहोरा उल्लेख गरी बिन्ति गर्दा नगरा निशानको नित्य नैमित्य पूजाको लागि १०० मुरि खेत गुठी राखि दिए। ३५) सुब्बा प्रल्हाद गुरूङ्ग एवं सुवेदार जयमंगल गुरूङ्गका वंशज कास्की चौर गाउँ निवासी श्री गम बहादुर गुरूङ्गको घरमा सुब्बा प्रल्हाद गुरूङ्गको नगरा निशान अद्यावदि सुरक्षित छ।

---

३१. ललित जङ्ग सिजापति, बिशाल गोरखा राज्यका केही प्रसिद्ध राजाहरु, (काठमाण्डौं: ने. भा. प्र. स., बि. सं. २०१४), पृ.९५–१०२

३२. मालपोत बिभाग , उही, पो.नं. ८, व. .नं. ३०, पृ. ८७, सं. ४७२

३३. रमेश जङ्ग थापा (सं.), "ऐतिहासिक पत्र स्तम्भ," प्राचीन नेपाल, संख्या २८, (बि.स. २०३०), पृ ३१

३४. कौशी तोषा खानाको पोका नं. ३, थान ७३,संख्या ५३को रुक्का

३५. सुब्बा प्रल्हाद गुरूङ्गका बंशज कास्की, चउर गाउँ निवासी श्री गम बहादुर गुरूङ्गको घरमा भएको रुक्का

श्री ५ बडामहाराज पृथ्वी नारायण शाहको मरवट नीतिलाई उनका बंशजहरूले पनि अनुसरण गर्दै आएका थिए तर मरवटको साथैं उसको तँनाथको कम्पनिको नगरा निशान समेत उनका वंशजलाई सुम्पेर दिवंगत योद्धालाई सम्मान गरेको उदाहरण भने कमैं मात्र पाईन्छ। राजगढको युद्धमा सुब्बा प्रल्हाद गुरूङ्गको भूमिका बिषयमा अध्ययन गर्नु बांकी नै छ तापनि उनका छोरालाई मरवटको साथैं उनको नगरा निशान समेत दिएर उनी प्रति सम्मान प्रदान गरेको देखिएकोले अवश्य पनि राजगढको युद्धमा सुब्बा प्रल्हाद गुरूङ्गको महत्वपुर्ण योगदान थियो भन्ने देखिन्छ ।